दराईहरूका घर विभिन्न नमूनाबाट निर्माण गरिएको हुन्छ । यस्ता नमूनाबाट निर्माण गरिएका घरको उदाहरणको लागि पेडनो गाउँका मनीराम दराईको घरलाई लिन सकिन्छ । घरभित्र खडाईको बार हाली बनाइएका कोठा परिवारका प्रत्येक उमेर पुगेका सदस्यहरूलाई एक एकओटा दिइएको हुन्छ । घरभित्र एउटा कोठामा मकै पिध्ने जाँतो र धान कुट्नको लागि ढिकी राखिएको हुन्छ । भान्छा घर कसैले आफू बस्ने घरमा नै राखेका हुन्छन् भने कसैले बेग्लै बनाएका पनि हुन्छन् । भान्छा कोठामा दराईहरूको प्रिय खाना जाँडका धेरै गाग्राहरू राखिएका हुन्छन् । त्यसै कोठामा जाँड बनाउने काम पनि गरिन्छ । भान्छा कोठामा बाहिरी आगन्तुक पाहुनाहरू- लाई प्रवेश गर्न कहिल्यै पनि अनुमति दिँदैनन् । अर्को एउटा कोठामा कुल देवता र खेती गर्ने ज्यावलहरू राखिएका हुन्छन् ।

घरको बाहिरपट्टि खुला पाली हालिएको हुन्छ, जहाँ गर्मीको मौसममा गर्मीले उकुसमुकुस भएको शरीरलाई आनन्द दिने चिसो हावा बहिरहेको हुन्छ । यसै पालीमा आगन्तुक पाहुनाहरूलाई बसाउने गरिन्छ । साँझ बिहान आफ्ना घर–परिवारका व्यक्तिहरू बसेर घर व्यवहारका कुरा छलफल गर्ने, आराम गर्ने काम पनि गर्दछन् । पालीमा आराम गरी बसेको समयमा दराईहरू डोरी बाट्ने, हलो बनाउने, माछा मार्ने, जाल बुन्ने जस्ता एउटा न एउटा काम गरी नै रहेका हुन्छन् । पाली रहेको भित्तामा रातो, कालो, पहेँलो, नीलो, सेतो आदि रंगहरूले हात्ती, घोडा, गाईगोरु, पंक्षी, सुंगुर आदि जनावरहरूको चित्र बनाइएको हुन्छ । घरभित्र प्रवेश गर्ने ढोकानिर घरको भित्तामा रहेको खडाईको बारमा शिशाको ऐना टाँसी राखिएको हुन्छ । सबै परिवारका सदस्यहरूले साँझ बिहान यसै शिशाको ऐनामा आफ्नो अनुहार हेरेर जिन्दगीमा प्रसन्न हुने गर्दछन् ।

## ४. सारांश

दराईहरू आफूलाई ठकुरी वंशका हौं भन्दै धेरै वर्ष पहिले गोरखामा दराई राज्य भएको कुरामा विश्वास गर्दछन् । हुन सक्छ, गण्डकी प्रदेशको कुनै एक स्थानमा एक समय दराईहरूको राज्य एक सामन्ती राज्यको रूपमा रहेको होस् ।

खोलानालाहरूको छेउछाउमा दराईहरूको गाउँ घर रहेका हुन्छन्, जसको निर्माण जङ्गली सम्पदाबाट चिटिक्क

पारेर गरिएको हुन्छ । आफ्ना दैनिक जीवनका आवश्यक वस्तुहरूलाई गाउँ घरको वरिपरि आश्रय दिएर संरक्षण गरी राख्दछन् । आधुनिक तरीकाबाट खेतीपाती नगरी पुरानै ढङ्गबाट कृषि, पशुपंक्षी पालन, माछा मार्ने व्यवसाय सञ्चालन गर्ने दराई जातिको गाउँघरमा, फोहोर मैलाहरूले अखाडा जमाए पनि प्रकृतिको स्वच्छ वातावरणमा दराईहरूको गाउँघर, निर्माण पद्धतिमा आफ्नै विशेषता रहेका छन्, जसलाई देख्ने जिस्तिकै कुनै पनि दर्शक छक्क पर्न सक्छन् ।

नेपालका विभिन्न जात जातिहरूमा आफ्नो खानपिन, पहिरन, आभूषणहरू भए जस्तै दराई जातिहरूको पनि आफ्नै खानपिन, पहिरन, आभूषण भएको पाइन्छ । तर यसमा कतिपय कुराहरू नेपालका अन्य जातका मानिसहरूले गर्ने गरेको भए तापनि केही कुरामा भने दराईहरूको आफ्नै विशेषता भएको पाइन्छ । दराई जातिको रहन सहन नेपालका अन्य जातिको भन्दा बेग्लै छ । यिनीहरू आधुनिक प्रगतिशील समाजलाई एक आँखाले पनि हेर्न चाहँदैनन् । त्यसैले यिनीहरू आधुनिक समाजको वातावरणबाट धेरै टाढा रहेर आफ्ना सांस्कृतिक विशेषताहरूलाई जोगाउन चाहन्छन् । तर अहिलेको अवस्थामा उनीहरू आधुनिक समाजसँग खिचडी भएर रहन, बस्न बाध्य हुनुपरेको छ, जसले गर्दा रहन सहनमा अन्य छिमेकी जातीय समुदायको केही न केही छाप परेको छैन भन्न सकिदैन ।

चितवन राप्ती उपत्यका प्रदेशको खोलानालाको छेउछाउ समथल भूभागमा धेरै अगाडिदेखि बसी आएका हुनाले कृषि गर्ने, माछा मार्ने पशुपंक्षी पालन गर्ने आदि नै दराई जातिको जीवन निर्वाह गर्ने मुख्य व्यवसाय हो । तर आजकल कृषि गर्ने, माछा मार्ने, पशुपंक्षी पालन गर्ने जस्ता सबै व्यवसायहरूमा प्रतिकूल अवस्थाले गर्दा त्यो पेशा अपनाउनेहरूको संख्या घट्दै गएको पाइन्छ र हलवा वा हलनीको रूपमा अर्काको घरमा धेरै दराईहरू बस्न थालेका छन् । टाठा–बाठा जातिहरूको नजीकमा बढ्दो बसोबास वृद्धिले गर्दा दराईहरू दिनदिनै जमिनविहीन हुँदै गइरहेका छन् । यसको उदाहरण दराईहरूको आजको जीवन नै हो ।

दराईहरूको दैनिक बोलीचालीमा प्रयोग हुने आफ्नै भाषा छ । यस भाषामा दराईहरूको बोल्ने आफ्नै लवज भएको पाइन्छ र भाषामा प्रयोग हुने धेरै शब्दहरूमध्ये छिमेकमा बस्ने जातिको भाषाका शब्दहरूको बढी मात्रामा प्रयोग हुने गरेको पाइन्छ ।

दराईहरू आफ्नो धर्म हिन्दू धर्म हो भन्दछन् । हिन्दू धर्म मान्ने मानिसहरूले मानेका हिन्दू विधिहरू मान्दैनन् र यिनीहरूको कुनै पनि संस्कारमा हिन्दू शास्त्रहरूको आवश्यकता पर्दैन । यिनीहरूले हिन्दू धर्मका केही कुरा माने पनि सबै हिन्दू धर्मका विधिहरूलाई मानेका हुँदैनन् । विष्णु, शिव, पार्वतीको पूजा गर्ने, वनदेवी, खोलानालाहरू र अन्य प्राकृतिक वस्तुहरूको पूजा गर्ने भएको हुँदा यिनीहरूको खास धर्म हिन्दू धर्म नै हो भन्न सकिन्छ । घर व्यवहारका अन्य कुरामा अन्धविश्वास बढ्दै गई केही कुरा मानेका हुन सक्छन्, तर पूरै अन्ध विश्वासका कुराहरूलाई मानेको भने पाइँदैन ।

वैदिक विधानरहित भए तापनि यिनीहरू वैदिक विधानकै प्रणाली अनुरूप नै आफ्ना धार्मिक कार्यहरू सञ्चालन गर्ने गर्दछन् । बच्चा जन्मेपछि न्वारान गर्ने, सुत्केरी चोख्याउने आदि संस्कार दराई जातिमा छ । कसैको मृत्युपछि किरिया गर्ने चलन पनि यिनीहरूमा छ । तर भिन्नै किसिमको भएको पाइन्छ । हिन्दू धर्म मान्ने मानिसहरूले मान्ने गरेका चाड पर्वहरू जस्तै दशैं, तिहार, तीज, कृष्ण अष्टमी, माघेसङ्क्रान्ति, साउनेसङ्क्रान्ति आदि दराईहरूले मान्दछन् । तर यी चाड पर्वहरू मान्दा यिनीहरूमा आफ्नै विशेषता रहेको कुरा भने अवश्य पाइन्छ ।

CamScanner

दराईहरू संयुक्त परिवारमा बस्दछन् । आ–आफ्ना परिवारमा व्यवसाय वा घर व्यवहार राम्रोसँग सञ्चालन गर्ने उद्देश्यबाट घर नाइकेको रूपमा घर मुखिया र घर मुखिनी रहेका हुन्छन् र परिवारका सबै सदस्यहरूले तिनी-हरूको आज्ञाअनुसार कार्य गर्दछन् । यसरी गरिने घर व्यवहारका कार्यहरूमा घर मुखिनीको प्रभावकारी भूमिका रहेको हुन्छ । यसबाट हामी भन्न सक्छौं कि दराई समाजमा पुरुषको हैंहुकुम चले पनि नारीको प्रधानता रहेको हुन्छ ।

विवाह गर्दा यिनीहरूको आफ्नै परम्परा छ, जसअनुसार नाता पर्नेसँग र एउटै वंशमा विवाह गर्दैनन्। आफ्नो दराई जात बाहेक अरू जातमा वैवाहिक सम्बन्ध कसैले गरेमा त्यसलाई भत्याउने चलन छ। दराईहरू यस्तो विवाहमा भत्याउने गरेर आफ्नो जातमा सम्मिलित गराए पनि आफ्ना भात भान्छामा चलाउँदैनन्। यो एउटा खर्चिलो सामाजिक रीति हो। विवाह गर्दा केटा र केटीको बीचमा राजिखुसीसँग गर्दछन् र यसरी गरिएको विवाहमा धेरै दिनसम्म भोज खुवाउने चलन छ ।

टिप्पणी:–

१. मनीराम दराई (कठार गा. पं. वार्ड नं. ५ पेडनी)सँग लिएको अन्तरवार्ताअनुसार । २०३७।९।१० ।
२. कमलबहादुर दराई, दमौली गा. पं. वार्ड नं. १ भातगाउँ, तनहूँ । २०३७।१०।२० ।

Nepalese Culture
Vol. IV 1984 ( 2041 )

# प्राचीन नेपालको नाप–तौल व्यवस्था : एक अध्ययन

रमेश ढुङ्गेल*

कुनै पनि सुव्यवस्थित समाजको लागि त्यहाँ लेनदेन बन्द व्यापारको विकास केही न केही रूपमा भएकै हुनुपर्दछ । जहाँ सामूहिक बसोबासको रूपमा सभ्य समाजको स्थापना हुनुको साथै स्वावलम्बनको अवस्थालाई नाघेर व्यापारिक लेनदेनको विकास भइसकेको हुन्छ, त्यहाँ मापन सामग्रीको स्वतः आवश्यकता हुनुको साथ-साथै आविष्कार पनि हुन्छ भन्ने कुरामा दुइ मत निस्कन सक्दैन ।

प्राचीन नेपालतर्फ फर्किएर अध्ययन गरेमा पनि हामी यहाँ त्यही कुरो पाउँछौं, जुन एक सभ्य समाजमा मात्र पाइन्छ । लिच्छविहरूको नेपालप्रवेशले यहाँ एक मिश्रित सभ्य समाजको सृजना हुनुको साथ-साथै कला-कौशल-को क्षेत्रमा अप्राधुन्न उन्नति गर्‍यो । त्यतिमात्र नभएर यहाँको आर्थिक स्थिति समकालिक विशाल छिमेकी साम्राज्य-हरूको तुलनामा पनि कमजोर रहेन । व्यापार वाणिज्यको संगठनात्मक रूपले विकास हुनुको साथ-साथै आयात निर्यात व्यापारबाट देशको आम्दानी उत्तिकै बढ्यो । यस्तै गरेर उद्योग-धन्दाको प्रादुर्भाव हुनुको साथसाथै विविध पक्षका व्यवसायहरू चलेको कुरा पनि अभिलेखका माध्यमबाट पुष्टि भएको छ । यी सम्पूर्ण कुराहरूको अध्ययन यसमा नगरेर खालि लिच्छविकालिक लेनदेन अर्थात् व्यापारिक कार्यमा प्रशस्त प्रयोगमा आउने मापन इकाई तथा साधनहरूको विषयमा मात्र यहाँ चर्चा गरिएको छ ।

## मानिका र प्रस्थ (पाथी):-

लिच्छविकालका मापन इकाइ तथा साधनमध्येमा 'मानिका' बढी प्रचलित थियो । किनकि यस कालका धेरै अभिलेखहरूमा 'धान्यमानिका', 'तण्डुलमानिका', र 'मानिका'को विषयमा उल्लेख भएको पाइन्छ । कुनै कुनै इतिहासकारहरूले यसको क्षेत्रमाप र परिमाणमाप (तौल) दुवै कार्यको लागि प्रयोग हुन्थ्यो भन्ने विचार व्यक्त गरेका छन् ।[१] यस्तै गरेर परिमाण मापनको रूपमा अहिलेको मानासँग मानिकाले नाममा सामञ्जस्य राख्ने भए-बाट अभिलेखहरूमा उल्लेख भएको 'मानिका' ले मानाबराबर बीउ लाग्ने जग्गाको क्षेत्रमापको रूपमा पनि कार्य गर्दथ्यो भन्ने राय पनि देखिन्छ ।[२] तर चाबहिलको अभिलेखमा उल्लेखित "चत्वारिंशत्सपञ्चेह यत्र धान्यस्य मानिका"

---

* सहायक प्रा. तथा हाल नेपाल र एशियाली अनुसन्धान केन्द्रसित सम्बद्ध ।

CamScanner

को आधारमा अर्कार्थरि ग्रन्थकारहरूको 'मानिका' लाई निश्चितवस्तुको माप गर्ने साधन हो तर यसले अहिलेको माना-सँग सामञ्जस्य (तौलमा) राख्दैन भन्ने राय पनि प्रस्तुत गरेका छन् ।[3] त्यस अभिलेखमा उल्लेख भएको माथिको कुराले वर्षेनी ४५ मानिका पिण्डक (कुत) आउने जग्गा भन्ने अर्थ लाग्दछ । यस्तै गरेर देउपाटनको रत्नसंघको अभिलेखमा पनि निश्चित भूमि (जग्गा) को निश्चित मानिका पिण्डक (कुत) को व्यवस्था गरेको कुराको उल्लेख परेको छ ।[4] नरेन्द्रदेवको अनन्तलिङ्गेश्वर अभिलेखमा पनि "बाटो सफा गर्नको लागि ४ मानिका चामल दिनू" भन्ने उल्लेख भएको[5] र ज्ञानेश्वरको अभिलेखमा पनि '२ मानिका चामल' निश्चित काम गर्ने कामदारको लागि दिनू[6] भन्ने उल्लेख भएकाले मानिकाले ठूलै परिमाण मापको कार्य गर्दथ्यो भन्ने तर्क संभावना बढाउँछ । कुनै कुनै अभिलेखमा राजकोषलाई हानि नपुगोस् भनेर सरकारी अधिकरणहरूलाई समेत १/१ मानिका पिण्डक (कुत) आउने जग्गा दिएको कुराको समेत उल्लेख पाइन्छ ।[7] यसरी नै देवदास १० जनालाई वर्षदिनसम्म खान १४० मानिका धान र देवदासी २० जनालाई ३०० मानिका धान छुट्याइएको कुरा नरेन्द्रदेवको अनन्तलिङ्गेश्वर अभिलेखबाट स्पष्ट हुन्छ ।[8]

माथि उल्लेख भएका 'मानिका' को प्रयोग गरिएका अभिलेखको अध्ययनको आधारमा गहन विचार गरेको खण्डमा 'मानिका' ले अहिलेको माना बराबर परिमाण बुझाएको देखिदैन किनकि १ माना कुत आउने खेतले राजकोषलाई मात्र नभएर कसैलाई पनि केही प्रभाव पार्न सक्दैन । यदि त्यसको सट्टामा १ मानिका धान कर स्वरूप बुझाउनुपर्ने कुराको उल्लेख भएको भए मानिकाले अहिलेको माना बराबर परिमाणलाई नै बुझाउने कुराको बढी संभावना हुन्थ्यो । यसै गरेर 'मानिका' लाई माना बराबर परिमाण मान्ने हो भने ३०० मानिका धानले २० जना मानिसलाई एक वर्ष खाने कुराको बन्दोबस्त भएको कुरा बुझ्नुपर्ने हुन्छ, जुन कुरा कुनै हालतमा पनि संभव हुँदैन ।

यसरी लिच्छविकालीन समाजमा बहुत प्रचलनमा देखिएको मापन इकाई वा साधन 'मानिका'को माप अहिले-को पाथी र मनभन्दा पनि बढी भएको कुरामा सहजै अनुमान हुन सक्दछ । यदि नामकै आधारमा भन्ने हो भने मानासँग यसको जति संबन्ध हुन्छ, उत्तिकै प्राचीन माणी वा मनसँग पनि । त्यसैले प्राचीन मापन इकाई माणीसँग पनि यसको तौल परिमाणको सम्बन्ध थियो कि ? भन्ने कुरा पनि विचारणीय हुन्छ । कौटिल्यले पनि विभिन्न नाप-तौलका साधनमध्ये 'आयमानी' लाई पनि उल्लेख गरेका छन् जुन माणीलाई नै भनिएको हुनुपर्दछ ।[9] यो भन्दा पनि महत्त्वपूर्ण कुरा के देखिन्छ भने, लिच्छविकालीन समाजका नापतौलका साधनहरूको नाम र परिमाण प्राचीन भारतीय साम्राज्यहरूमा प्रचलित नाम र साधनसँग मिल्दा जुल्दा पाइन्छन् । जुन 'प्रस्थ' (पाथी)[10] कुडव (कुरुवा)[11] र घटिका, तैलघटिका आदि हुन् । प्राचीन ग्रन्थहरू मनुस्मृति, लीलावती, कौटिल्यको अर्थशास्त्र आदिमा कुडव, प्रस्थ, तुला, ढक, तराजु, तैलघटिका, द्रोण, आढक, पल, मुष्टिका आदि मापन सामग्री तथा इकाईको स्पष्ट रूपमा उल्लेख भएको पाइन्छ ।

मानिकाको परिमाणको विषयमा इतिहासकारहरूको बीच मतैक्य नदेखिनुको साथसाथै निकै द्विविधाहरू देखिए तापनि यस विषयमा निक्यौल गर्न खोज्दा केही तथ्य कुरा अवश्य पनि प्राप्त गर्न सकिन्छ । ललितपुर चपः टोलको मुगिनीको अभिलेखबाट प्रस्थ र मानिकाको परिमाणको विषयमा अध्ययन गर्ने ठोस आधार पाइएको छ । यस अभिलेखमा "पश्चिमपट्टि १०० भूमि ४० मानिका कुत, दक्षिणतर्फ ६० भूमि ३६ मानिका कुत" सँगसँगै त्यही ३६ मनिकासँग नै सम्बन्धित गराएर "छ सय गृह प्रस्थ" भन्ने कुराको उल्लेख परेको छ ।[12] "पश्चिमप्रदेशे भूमि शत १०० पिण्डमान्या पञ्चाश ५० भूय ग्रामदक्षिणप्रदेशे भूमि षष्टि ६० पिण्डमान्या षट्त्रिंशत ३६ गृहप्रस्थ षष्ठ-शताय ।" यसरी यहाँ छुट्टाछुट्टै पिण्डक (कुत) को उल्लेख गर्दा कुनै भूमिको उल्लेख नगरीकन अगाडिको ३६

CamScanner

मानिका संगं ६०० गुहप्रस्थलाई पनि जोडिएको हुँदा ३६ मानिकालाई नं बढी प्रामाणिक रूपमा बुझाउन ६ सय गुह प्रस्थ अर्थात् ६ सय घर व्यवहारमा चलेको पाथी भन्ने कुरो देखाइएको हुनुपर्दछ । कौटिल्यको अर्थशास्त्रमा पनि व्यवहारमा चल्ने नापतौलका साधनको पनि उल्लेख भएको पाइन्छ जसलाई त्यस समयमा 'व्यावहारिकी' भनिन्थ्यो ।[१३]

उपरोक्त छ सय गुह प्रस्थलाई ३६ मानिकाले भाग गरेर हेर्दा १६.६७ घर व्यवहारमा चलेको पाथीको १ मानिका परिमाण पर्न आउँछ । उता प्राचीन ग्रन्थ मनुस्मृतिमा[१४] पनि १६ प्रस्थको १ द्रोण हुन्छ भन्ने कुराको उल्लेख परेको हुनाले करीब करीब द्रोणको र मानिकाको परिमाण बराबर देखिन्छ । लिच्छविकालीन अभिलेखहरूको व्यापारिक र समाजका लेनदेनका कारोबार परिचालन गर्ने साधनहरू प्राचीन ग्रन्थमा उल्लेख भए अनुरूप नं व्यवस्था भएको कुरा स्पष्टतया थाहा हुन्छन् तर यो 'मानिका'को विषयमा भने न त प्राचीन ग्रन्थहरूमा नं उल्लेख भएको पाइन्छ न त नेपालका लिच्छवि अभिलेख बाहेक अन्यत्र कहींको समकालिन र त्योभन्दा अगाडिका अभिलेख-मा नं । सामाजिक रीति स्थिति बन्दोबस्त आदि कुरादेखि लिएर साहित्य कला दर्शन, आदि संपूर्ण कुराको लागि प्राचीन धर्मग्रन्थ वेद, उपनिषद् र प्राचीनतम हिन्दू साम्राज्यलाई नमूनाको रूपमा स्वीकार्ने लिच्छविहरूले जस्ताको तस्तो रूपमा नेपाली समाजलाई पनि त्यही अनुरूप संचालन गरेको देखिन्छ र यसरी नापतौलका साधनहरू पनि प्रायः उस्तै नाम र परिमाणमा चलाएको बुझिन्छ । यद्यपि 'मानिका' भन्ने नामचाहिं लिच्छविकालीन नेपाली समाज-को मौलिक नं ठान्नुपर्ने हुन्छ । मनुस्मृति आदि ग्रन्थमा उल्लेख भएको र प्राचीनतम हिन्दू साम्राज्यमा प्रचलन भएको 'द्रोण' लाई भने लिच्छविहरूले कसरी बिर्सिए ? भन्ने कुरा यस परिप्रेक्षमा ज्यादै महत्त्वपूर्ण कुरा हुन्छ । जहाँसम्म संभव छ; प्राचीन 'द्रोण' र लिच्छविकालीन मानिकाको परिमाण करीब करीब एउटै भएको हुँदा लिच्छविहरूले द्रोणलाई नं 'मानिका' नामकरण गरी उही माप परिमाणमा 'मानिका' प्रचलनमा ल्याएको हुनुपर्दछ । यसरी यस कुरालाई स्वीकार्दा लिच्छविकालिक नापतौल परिमाणमा पनि अहिले जस्तो ४ कुरुवाको १ पाथी देखिन आउँछ र यस्तै करीव १६ प्रस्थ (पाथी) को १ मानिका हुने बुझिन्छ । मनुस्मृतिमा पनि १६ पलाको १ प्रस्थ र १६ प्रस्थको १ द्रोण हुने कुराको उल्लेख भएको पाइन्छ ।[१५] यसरी १६ पाथीभन्दा केही बढी परिमाण मानिकामा स्पष्ट रूपमा देखिने हुनाले नं 'मानिका' लाई आजकालको मन भन्दा पनि बढी परिमाणमापकको रूपमा मान्न सकिन्छ ।

उपरोक्त तथ्यहरूको अध्ययन र मननबाट लिच्छविकालका अधिकांश अभिलेखमा उल्लिखित मापन इकाई मानिकाको खास परिमाण स्पष्ट हुन आएको स्वीकार्य हुने कुरामा विश्वास राख्न सकिन्छ । स्मरणीय छ, आजभन्दा अगाडि भएका लिच्छविकालीन सामाजिक आर्थिक पक्षका अध्ययनहरूमा मानिकाको परिमाण विषयमा द्विविधात्मक विचारधाराहरू नं भएको पाइन्छ । मृगिनीको अभिलेखमा उल्लेख भएको गुहप्रस्थलाई कसं कसंले त बाटोको रूपमा पनि उल्लेख गरेको पाइन्छ । तर यस कुरालाई कुनं हालतमा पनि स्वीकार्न सकिन्न । धनवज्र वज्राचार्यले यस अभिलेखमा उल्लेख भएको गुहप्रस्थलाई प्रश्नवाचक चिह्न राखी घर व्यवहारमा चलेको पाथी हो कि ? भन्नेतर्फ ध्यानाकर्षण गर्नुभएको छ । तारानन्द मिश्रले भने यसलाई पाथीको रूपमा नं स्वीकार्नुभएको छ तापनि उहाँले ३६ मानिकाको १०६ पाथी र करीव ३ पाथीको १ मानिका हुन्थ्यो भनेर चित्त नबुझ्ने अर्थ लगाउनुभएको छ । बरु उहाँले भारतीय विद्वान्‌हरूको विचार उल्लेख गर्नुभएको छ जस अनुसार "नेपाल तराई तथा भारतको प्रचलित आधुनिक मन प्राचीन मानिका तथा माणीबाट विकृत भएको हो" भन्ने कुराचाहिं माथि यस परिप्रेक्षमा गरिएको हिसाबसंग करीव करीव मिल्न आउँछ । यो बाहेक उहाँले उल्लेख गर्नुभएको जस्तो यस अभिलेखमा ३६ मनिकाको १०६ पाथी भन्ने अर्थ नलागेर त्यहाँ त ३६ मानिकाको ६ शय गुह प्रस्थ भन्ने अर्थ लाग्दछ । लगभग १६ प्रस्थ(पाथी) को १ मानिका मान्दा नं अभिलेखमा उल्लेख भए अनुरूप मिल्दोजुल्दो परिमाण निस्कन्छ र मानिकाले गर्ने काम र प्रयोगको वास्तविक अर्थ खुल्दछ । जस्तो १ मानिका कुत अधिकरणलाई बुझाउनु भन्दा, यस अर्थमा लगभग

१६ पाथी (प्रस्थ) अन्न बुझाउनु भन्ने कुरा बुझिन्छ । जसले गर्दा अभिलेखमा प्रयोग भए अनुरूप 'मानिका'ले ठूलं कार्य गर्न सक्ने कुरा स्वीकार्य हुन्छ ।

यसरी 'मानिका' प्राचीन नेपालको यस्तो मापन इकाइको रूपमा मान्न सकिन्छ जसको नामकरण मौलिक रूपमा नेपाली माटोमै भएको हो । अर्थात् यसको परिमाणको संबन्ध अन्य कुनमुकं इकाईसंग भए तापनि 'मानिका'ले नाममा भने स्पष्ट रूपमा नेपाली मौलिकताको प्रतिनिधित्व गरेको छ भन्नुमा अत्युक्ति हुन्न । यसमा उल्लेखित उपरोक्त विचारबाट मानिका र प्रस्थको ऐतिहासिकता को बारेमा थोर बहुत तथ्यता प्रस्तुत भएको छ । अब तल कुडव र अन्य इकाई र साधनको विषयमा उल्लेखगर्दा प्रस्थ समेत नाप तौलका अन्य साधनको विषयमा अझ स्पष्ट हुँदै जानेछ ।

## कुडव (कुरूवा):

प्राचीन नेपालमा प्रचलित नापतौलका साधन मध्ये कुडव पनि एक थियो । वास्तवमा अहिलेसम्म अविच्छिन्न रूपले लेनदेन व्यवहारमा चलेको कुरुवालाई नै पहिले पहिले कुडव भनिन्थ्यो । खास गरी लिच्छविकालीन नेपालमा हरेक क्षेत्रका व्यवहार र कारोवारहरू प्राचीन धर्मशास्त्रअनुरूप नै चलेको हुनाले नापतौलका सामग्रीहरूमा पनि धर्मशास्त्र, स्मृतिसँग सामञ्जस्य नै राखेको देखिन्छ । यसको प्रमाणको लागि लिच्छविकालीन एक अभिलेखमा उल्लेखित निम्न हरफहरूलाई लिन सकिन्छ :

"स्मृतिनामगतेः श्रुतीनां तदथलोके नियतं ··· ···
शास्त्रे मनुपमबृहस्पत्युशनसां विधानं कृत्यानामसुगमपदं लोक······"[१६]

प्राचीन राज्यशास्त्रको विषयमा ख्यातिप्राप्त ग्रन्थ कौटिल्यको अर्थशास्त्रमा कुडवको विषयमा स्पष्टसंग उल्लेख भएको पाइन्छ । जसअनुसार सानु अर्थात् कम परिमाण नाप्नको लागि १, १/२, १/४, १/८, कुडव (कुरुवा) को नाप बनाउनु भन्ने विवरण दिइएको छ ।[१७] यसै सन्दर्भमा अर्थशास्त्रमा घ्यू, तेल आदि द्रव्य पदार्थ नाप्ने इकाईको मूल्य अन्न नाप्ने इकाईकोभन्दा दोब्बर हुनुपर्दछ भन्ने कुराको पनि उल्लेख परेको छ ।[१८] घ्यू र तेलकै कुडवको माध्यमबाट नाप गर्दा उदाहरणको लागि अर्थशास्त्रमा ८४ कुडव घ्यूको १ वारक र तेलचाहिं ६४ कुडवको नै १ वारक मानिने भन्ने कुराको उल्लेख परेको छ । यसैगरी चरकले पनि कुडवको विषयमा उल्लेख गरेका छन् । जसअनुरूप १६ सुवर्णको १ अञ्जलि र १० अञ्जलिको १ कुडव हुन्छ ।[१९] भास्कराचार्यले पनि लीलावतीमा नापतौलको विषयमा चर्चा गर्दा अन्नमापक रूपमा कुडवको उल्लेख गरेका छन् । जसमा प्राचीन आचार्यहरूले निम्न बमोजिम नाप–जोखको व्यवस्था गरेको कुराको उल्लेख छ ।

जस्तोः १६ द्रोणको १ खारी,
४ आढकको १ द्रोण,
४ प्रस्थको १ आढक र
४ कुडवको १ प्रस्थ हुन्छ भन्ने उल्लेख छ ।[२०]

यसरी विभिन्न प्राचीन ग्रन्थहरूमा कुडवलाई एक महत्त्वपूर्ण परिमाण मापक साधनको रूपमा उल्लेख गरिएको पाइएबाट यसको ऐतिहासिक महत्त्व र तथ्य समेत बढ्न गएको कुरामा दुइ मत हुन सक्दैन । कौटिल्यको अर्थशास्त्रमा यस विषयमा स्पष्टतया उल्लेख हुनु र भास्कराचार्यको लीलावतीमा पनि यसको माप परिमाणको विषयमा उल्लेख गर्दा प्राचीन आचार्यहरूको विचारलाई नै व्यक्त गरिएको पाइएकोले यसको प्रचलनको शुरुवातको समयलाई निर्भयसाथ ईशापूर्व मान्न सकिन्छ ।

CamScanner

यसरी ज्यादै प्राचीन कालदेखि हिन्दू समाजको व्यावहारिक लेनदेनको साधन बन्दै आएको कुडव हाम्रो नेपाली प्राचीन समाजमा पनि आएर घुलमिल हुन नछुटेको कुरा लिच्छवि राजा नरेन्द्रदेवको समयको संवत् ६९ को देउपाटनको अभिलेखले स्पष्ट पारेको छ।[२१] यसरी लिच्छविकालीन नेपालमा पनि व्यापारिक लेनदेनको रूपमा तथा आन्तरिक व्यावहारिक कारोबारको लागि कुडवको प्रयोग हुन्थ्यो भन्ने तथ्यलाई स्पष्टतया अँगाल्ने स्थान हामीहरूले पाएका छौं। तर दुःखको कुरा के भने माथि उल्लेख भएको अभिलेखले १ कुरुवा धानले गर्नुपर्ने विनिमयको कार्यतिर संकेतसम्म गरेको छ तर वास्तवमा त्यति परिमाण धानले के काम गर्ने हो ? भन्ने विषयका अक्षरहरू मेटिएको हुँदा यस विषयमा यसै हो भन्ने प्रमाण मिल्न सकेको छैन। किनकि यस अभिलेखमा धान्यकुडव १ भन्दा ठीक अगाडिका अक्षरहरू नष्ट भएका छन्। जसले गर्दा कति परिमाण धान १ कुडवमा त्यस समयमा हुन्थ्यो भन्ने विषयमा पनि बुझ्न केही असजिलो भएको छ। तर यसको परिमाणलाई निक्यौल गर्न खोज्दा हामी अवश्य पनि वास्तविक तथ्यतामा पुग्न सक्दछौं। लिच्छविकालीन नेपाली समाज प्राचीन धर्मशास्त्र, नीति, परम्परा अनुरूप चलेको र त्यही प्राचीन परम्परालाई नै आफ्नो परिस्थिति अनुरूप अनुकरण गरेको पाइएको हुँदा र 'कुडव' भन्ने शब्द नै प्राचीन हिन्दू समाजबाटै लिच्छविहरूले लिएको बुझिएको हुँदा यसको परिमाण पनि उही परम्परा अनुरूप अर्थात् ४ कुडवको १ प्रस्थ ( ४ कुरुवाको १ पाथी ) कै रूपमा चलाइएको हुनुपर्दछ। यस सन्दर्भमा महत्त्व-पूर्ण साथै तथ्यतालाई अँगाल्ने कुरा भने आज पनि हाम्रो समाजमा लेनदेनको माध्यमको रूपमा चलेको कुरुवा र पाथीको परिमाणमा ४ कुरुवाको १ पाथी अर्थात् ४ कुडवको १ प्रस्थ नै रहेको पाइन्छ।

यसरी ज्यादै प्राचीन कालदेखि हाम्रो समाजको दैनिक लेनदेन प्रक्रियाको माध्यम बनेको कुडव(कुरुवा)लगभग २ हजार वर्षको आयुसम्म उही माप परिमाण लिएर हाम्रो अगाडि आइपुगेको छ। प्राचीन नेपालमा यसको प्रचलन अन्य मानिका, घटिका आदि माध्यमको तुलनामा कम नै भएको आभास मिल्दछ किनकि आजसम्म यसको उल्लेख भएको १ मात्र प्राचीन अभिलेख हाम्रो अगाडि रहेको छ। हुन त पछि हुने अन्य गहन खोजीहरूबाट यस विषयमा उल्लेख भएका अन्य प्रमाण पनि पाउन भन्न चाहिं मिल्दैन। यदि भविष्यमा हुने अनुसन्धानबाट अरू बढी तथ्यता प्राप्त गर्न सकेको खण्डमा यस विषयमा अवश्यं पनि बढी जानकारी प्राप्त गरेर हाम्रो व्यावहारिक परम्पराको इतिहास बनाउनमा बढी सहयोग पुग्ने थियो।

## अन्य विविध इकाई तथा माध्यमहरूः–

प्राचीन नेपालको सामाजिक, आर्थिक इतिहासको अध्ययन गर्दा प्रायः सबैजसो क्रियाकलापहरू प्राचीन नीति शास्त्र, धर्मशास्त्र, स्मृति साथै प्राचीन हिन्दू साम्राज्यहरूसंग मिल्दा जुल्दा देखिन्छन् भन्ने कुरा त माथि नै पनि उल्लेख गरिसकिएको छ। समाजमा वर्णसंकर नहोस् भन्ने धारणाले लिच्छवि शासकहरूले सामाजिक स्थिति बन्देज र बन्दोबस्त ज्यादै राम्रोसँग गरेको कुरा अभिलेखको आधारमा स्पष्ट हुन आएको छ। आर्थिक क्षेत्रमा पनि व्यापार वाणिज्यको विकास र विस्तार गर्न व्यवस्थित वाणिज्य नीति नै तात्कालिक शासकहरूले तर्जुमा गरी लागू गरेको कुरामा धेरै हदसम्म विश्वास राख्न सकिन्छ। किनकि अंशुवर्माको टिष्टुङको अभिलेखबाट वैदेशिक व्यापारको लागि निकासी गर्न विभिन्न वस्तुहरूको छुट र बन्देज गरिएको साथै सरकार तर्फबाट स्वीकृति लिनुपर्ने आदि कुराको उल्लेख भएको कुरा थाहा पाइन्छ।[२२] यसरी वैदेशिक साथै आन्तरिक रूपमा हाटबजारको पनि उचित व्यवस्था गरिएको पाइन्छ। विभिन्न किसिमका करको विषयमा पनि लिच्छविकालीन अभिलेखमा उल्लेख भएको पाइन्छ। यसरी हाटबजारको सुव्यवस्थाको लागि नापतौलका साधनको पनि उचित बन्दोबस्त भएको हो जुन बन्दोबस्त प्राचीन परंपराअनुरूप गरिएको थियो।

CamScanner

नापतौलका माध्यमहरू मानिका, प्रस्थ, कुडव आदि प्राचीन ग्रन्थहरूमा उल्लेख भएअनुरूप नै नेपालमा प्रयोग भएको र 'मानिका' लाई प्राचीन 'द्रोण' तौल परिमाणसँग संबन्धित भएको र नाम भने नेपालको मौलिक भएको कुराको सप्रमाण माथि उल्लेख गरिसकिएको छ । अब प्राचीन नेपालमा देखिएका अन्य नापतौलका साधनहरू ढक, तराजु, तुलो, माटोका विभिन्न किसिमका भाँडाहरू आदिको प्रयोगको विषयमा चर्चा गरौं । यी उपरोक्त नापतौलका माध्यम तथा इकाई मध्येमा पनि तुलनात्मक रूपमा सानु वा कम परिमाण मापन कार्यको लागि ढक-तराजु आदिको प्रयोग गर्ने र ठूलो परिमाणमापनमा घट, घटिका तथा अन्य सामग्रीहरू प्रयोग गर्ने परम्परा लिच्छविकालीन नेपाल-भन्दा पहिलेदेखि नै अन्य हिन्दू सभ्यताहरूमा चलेको कुरा विभिन्न ग्रन्थहरूको आधारबाट स्पष्ट हुन आएको छ । प्राचीन नीतिशास्त्र मनुस्मृतिमा नापतौलका इकाईमा त्रसरेणु, लिक्षा, राजसर्षप, गौरसर्षप (सेतो सर्स्यूं प्रमाण), मध्यम यव (जौ), रत्ती, मासा, कर्ष, तोला वा सुवर्ण, पल, धरण आदिको उल्लेख छ ।[२३] त्यस्तै गरेर प्राचीन गणित संबन्धी ग्रन्थ भास्कराचार्यको 'लीलावती' मा यव, गुञ्जा, वल्ल, धरण गद्याणक, घटक आदि भारपरिमाणमा; माष, कर्ष, पल, सुवर्ण, माष आदिमा; त्यस्तै द्रोण खारी, आढक, प्रस्थ, कुडव द्रोण आदि मापमा भनी नापजोख गर्ने इकाई र माध्यमको विषयमा उल्लेख पाइन्छ ।[२४] यसरी नै कौटिल्यले रत्ती, माष, रूप्यमाषक, धरण, वज्रधरण, सुवर्ण, तुला, पल, भार, आयमानी, व्यावहारिकी, अन्तपुर भाजनी, सार्थ तैलघटिका, घृतघटिका, आदिका समेत उल्लेख गरेका छन् ।[२५] यसरी नापतौलका सामग्री र इकाईका नाम विषयमा मात्र चर्चा नगरेर यी सामग्रीहरूमा कुनै किसिमको कैफियत हुन नपाओस् भनेर त्यस विषयमा निर्दिष्ट जाँचबूझको व्यवस्थाको विषयमा पनि प्राचीन ग्रन्थ-हरूमा उल्लेख भएको पाइन्छ । आचार्य कौटिल्यले अर्थशास्त्रमा "पौतवाध्यक्षले हरेक ४–४ महीनामा तुला, ढक, तराजु, द्रोण आदि नापतौलका साधनहरूको जाँच गर्नु र कुनै व्यापारीले निर्दिष्ट समयभित्र जाँच नगराएमा सवा सत्ताईस पण जरिवाना तिर्नुपर्दछ" भन्ने कुराको उल्लेख गरेका छन् ।[२६] यस्तै गरेर मनुस्मृतिमा पनि निम्न बमोजिम उल्लेख भएको पाइन्छ—

तुलामानं प्रतिमानं सर्वं चस्यात्सु लक्षितम् ।
षट्सु षट्सु च मासेषु पुनरेव परीक्षयेत् ।।

अर्थात् ढक, तराजु, माना-पाथी आदि नाप जोख गर्ने सामानहरू ६/६ महीनामा जाँच गर्नू ।[२७]

उपरोक्त तथ्यहरूको आधारमा ढक तराजु, घटक आदि विभिन्न व्यापारिक र व्यावहारिक लेनदेनका नाप-तौलका साधनहरू धेरै पहिलेदेखि नै प्राचीन भारतमा चलेको बुझिन्छ । माथि नै सप्रमाण उल्लेख गरिसकिएको छ कि प्राचीन नेपालमा पनि यिनै प्राचीन ग्रन्थहरूको आधारमा नै समाज चलेको थियो । त्यसै हुनाले उक्त ग्रन्थहरूमा उल्लेख भएअनुरूपमा नापतौल प्रणाली र बजार व्यवस्था लिच्छवि समाजमा विद्यमान थियो र प्रायः उही नियम-हरू लागू गरिएका थिए भन्ने कुराको संवत् १०३ को नरेन्द्रदेवको पशुपति वज्रधरमा रहेको अभिलेखले अझ स्पष्ट रूपमा दिशाबोध गराउँछ । यस अभिलेखमा हाटबजारको सुव्यवस्था र हाटबजारमा लाग्ने "आपणकर" साथै "अधिकमासतुलादण्ड" को विषयमा उल्लेख परेको छ ।[२८] यसको अर्थ ६/६ महीनामा जाँच गर्दा तल माथि परेमा व्यापारीहरू माथि लगाइने दण्ड भन्ने हुन्छ । यसरी उपरोक्त कुराले लिच्छविकालीन नेपालमा पनि हाटबजार व्यवस्था र नापतौल प्रणाली प्राचीन भारतीय साम्राज्यहरूको जस्तै भएको कुरामा द्विविधा उत्पन्न हुन सक्दैन । धूम्बाराहीमा भएको वि. सं. २०२२–२३ को उत्खननबाट प्राप्त भएको माटोका पाथीका टुक्राहरूले यस कुरालाई बढी प्रमाणिक बनाएको छ किनकि उत्खननबाट प्राप्त पाथीका टुक्राहरूमा विभिन्न नमणजीव, समचन्द्र तथा त्यस्तै अनेक नामहरू लिप्यङ्कित भएबाट ती व्यक्तिहरू नापतौल व्यवस्थाको क्षेत्रमा जाँचबूझ गर्ने अधिकारीका नामहरू भएको कुरामा विश्वास राख्न सकिन्छ ।[२९] यो भन्दा बढी यस किसिमका नापतौलका साधनसम्बन्धी कुरा बुझाउने

CamScanner

अभिलेख र अन्य प्रामाणिक स्रोत पाउन सकिएको छैन तर यही प्रमाणले मात्र पनि ढक, तराजु आदि व्यावहारिक नापतौलका सामग्रीहरुको प्रयोग लिच्छविकालमा प्रचूर मात्रामा भएको कुरामा कुनै शंका रहन सक्दैन । यद्यपि ढक, तराजु प्रयोग गर्दा कुन् इकाईको प्रयोग हुन्थ्यो ? र तिनको नाम के हो ? भन्ने विषयमा स्पष्ट ज्ञान हुन सकेको छैन, तैपनि प्राचीन ग्रन्थहरुको प्रभाव हरेक क्षेत्रमा परेको हुनाले प्राचीन प्रणाली अनुरुप नै माथि उल्लेख गरिएका विभिन्न तौल इकाईको प्रयोग गरिन्थ्यो कि ? भन्ने तर्क हाम्रो ध्यान स्वतः आकर्षित हुन जान्छ । यसको प्रमाण स्वरूप हिरण्य, सुवर्ण, कार्षापण आदिको अभिलेखमा भएको उल्लेखलाई लिन सकिन्छ ।

माथि उल्लेखित स्तरीय नापतौल नै लिच्छवि समाजमा प्रचलित भएको भए तापनि साधारण लेन देनमा माटोका गाग्रो घैंटो आदिको साथै अन्य विभिन्न भाँडाकुँडा पनि उत्तिकै प्रचलित भएको कुरा अभिलेखहरुको अध्ययनबाट स्पष्ट हुन्छ । पशुपति छत्रचण्डेश्वरको अभिलेखमा १ घडा तेलको विषयमा, साँगाको अंशुवर्माको अभिलेखमा १२ गाग्रो तेलको विषयमा र नक्साल नारायणचौरको अभिलेखमा २२ गाग्रोको विषयमा उल्लेख भएको छ । यसका साथसाथै चापागाउँको शिवदेवको अभिलेखमा भकुण्डिका माछा बिक्रीको विषयमा उल्लेख भएको छ । यहाँ भकुण्डिका माछा भन्नाले माछा बिक्री गर्न निश्चित मापको ठूलो माटोको भाँडो भन्ने कुरामा धेरैहदसम्म विश्वास राख्न सकिन्छ । स्मरणीय छ, यस्तै गरी काठमा उनेर बिक्री गरिने माछालाई काष्ठिका माछा भनेर अभिलेखमा उल्लेख भएबाट उपरोक्त कुरामा बढी विश्वास राख्न सकिन्छ । यस्तै परिमाण मापक साधनको विषयमा कौटिल्यको अर्थशास्त्रमा पनि उल्लेख भएको पाइन्छ जसमा २१ कुडको १ घृतकाटिका र १६ कुडवको १ तैलघटिका भन्ने स्पष्ट उल्लेख पाइनु र यहाँ लिच्छवि अभिलेखहरूमा पनि 'तैलघटा' को प्रष्ट उल्लेख पाइएबाट उही प्राचीन हिन्दू सभ्यताहरुको अनुरुप चलन चलेको कुरामा विश्वास राख्न सकिन्छ । कुनै कुनै अभिलेखमा त विनिमयको रूपमा निश्चित चाकुका ढल्लाले पनि लेन-देनमा काम गरेको कुरा देखिन्छ ।[१०] वस्तुविनिमयको रूपमा यसरी चाकुका ढल्लाले पनि गणना गरिने परम्परा त्यस समयमा थियो ।

यस किसिमले प्राचीन नेपालको नापतौल प्रणाली सरकारतर्फबाट पूर्ण देखरेखका साथ प्राचीन ग्रन्थहरूमा उल्लेख भएअनुरूप अर्थात् प्राचीन हिन्दू परंपराअनुरूप चलेको कुरा स्पष्ट प्रायः हुन्छ; जसले गर्दा बजार व्यवस्था समेत सुव्यवस्थित भएको कुरा बुझ्न सकिन्छ । उपरोक्त तथ्यहरूको आधारमा हामी यो भन्न सक्दछौं कि, लिच्छवि शासकहरुले राजनैतिक र सामाजिक क्षेत्रमा मात्र ध्यान नदिएर देशको आर्थिक क्षेत्रमा पनि उत्तिकै ध्यान दिएका थिए । बजार व्यवस्था सुव्यवस्थित होस् भन्नाका खातिर प्राचीन धर्मपरम्परा अनुरूप तौल स्तर समेतको अध्ययन र मनन गरी कार्यान्वयन गराएका थिए ।

## टिप्पणी:–

१. डा. हितनारायण झा, 'द *लिच्छविज्*' वाराणसी : चौखम्बा संस्कृत सीरिज अफिस, १९७० ।

२. ऐजन्, पृ. १९५ ।

३. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, किर्तिपुर : नेपाल तथा एशियाली अध्ययन संस्थान, २०३०, पृ. ५ ।

४. ऐजन्, अभिलेख संख्या ११ ।

५. ऐजन्, अभिलेख संख्या १२९ ।
६. ऐजन्, अभिलेख संख्या १५० ("...तण्डुल मानिकाद्वयं दातव्यं ...") ।
७. ऐजन्, अभिलेख संख्या ३२ ।
८. ऐजन्, अ. सं. १२९ ।
९. वाचस्पति गैरोला, (अनु.) *कौटल्यका अर्थशास्त्र*, वाराणसी : चौखम्बा विद्याभवन, १९६२, २।३५।१९ ।
१०. वज्राचार्य, पूर्ववत् नं. ३, अ. संख्या ९५ ।
११. ऐजन्, अ. संख्या १३४ ।
१२. ऐजन्, अ. संख्या ९५ ।
१३. गैरोला, पूर्ववत् नं. ९, २।३५।१९ ।
१४. ए. एल्. बासाम, *द वण्डर ह्वाट् वाज् इण्डिया*, न्यूयोर्क : म्याक्मिलन कम्पनी, १९५४, पृ. ५०३। तारानन्द मिश्र, 'नापको माध्यमको रूपमा पाथीको प्रयोग,' *प्राचीन नेपाल संख्या २१* (२०२९ कार्तिक) पृ. ३७ ।
१५. ऐजन्, पृ. ३७ ।
१६. वज्राचार्य, पूर्ववत् नं. ३, अ. संख्या ३५ ।
१७. गैरोला, पूर्ववत् नं. ९, २।३५।१९ ।
१८. ऐजन्, २।३५।१९ ।
१९. मिश्र, पूर्ववत् नं. १४, पृ. ४३ ।
२०. पण्डित लषणलाल झा, *श्रीमद्भाष्कराचार्यविरचिता लीलावती* : वाराणसी : चौखम्बा विद्याभवन, २०१८ पृ. ४ ।
२१. वज्राचार्य, पूर्ववत् नं ३, अ. संख्या २५ ।
२२. ऐजन्, अ. संख्या ७३, ७४ ।
२३. पं. चक्रपाणि चालिसे (अनु.) *मनुस्मृति* काठमाडौं: नेपाली भाषा प्रकाशिनी समिति, २००३, पृ. २००।
२४. झा, पूर्ववत् पृ. २, ४ ।
२५. गैरोला, पूर्ववत् नं. ९, २।३८।१९ ।
२६. ऐजन्, २।३५।१९ ।
२७. चालिसे, पूर्ववत् नं. २३, ८।४०३ ।
२८. वज्राचार्य, पूर्ववत् नं. ३. अ. संख्या २३४ ।
२९. मिश्र, पूर्ववत् नं. १४, पृ. ४१, ४२ ।
३०. वज्राचार्य, पूर्ववत् नं. ३, अ. संख्या, १२८ । (विशटिकया...णाकर गुडशत)

Nepalese Culture
Vol. IV 1984 ( 2041 )

# नेपालमा सूर्यपूजाको परम्परा

डिल्लीराज शर्मा*

जसको प्रकाशबाट कयौं प्राणीहरू आफ्नो दैनन्दिनी कार्यमा जुट्ने अवसर पाउँछन्, जसको न्यानो घामबाट प्रत्येक जीवले कठाँग्रिएको जाडोबाट छुटकारा पाउँछ, तिनै देदीप्यमान सूर्यलाई मानव प्राणीले कदापि बिर्सन सकेन । यसैले होला सूर्यपूजाको परंपरा आजभोलि मात्र होइन मानव उद्भवको इतिहासदेखि नै कुनै न कुनै रूपमा चल्दै आएको छ ।

प्रारम्भिक मानवहरू जब जंगली अवस्थामा थिए तबसम्म धर्मको कुनै स्वरूप बनिसकेको थिएन, तापनि प्रकृतिमा घट्ने विभिन्न घटनाहरूलाई उनीहरूले कौतुहलको दृष्टिले हेर्न थालिसकेका थिए । प्रकृतिमा घट्ने यस्ता घटनाहरू जस्तो आकाशको गडगाड गुड्ड, हुरी, आँधी, अन्धकार र सूर्योदयको प्रकाशलाई उनीहरूले कुनै एउटा शक्ति जिम्मेवार रहेको संझे । साथै उसैको कारणबाट यी जम्मै घटनाहरू हुने अड्कल काटे । हुरि-आँधिले मानवलाई अस्तव्यस्त पार्दथ्यो । अन्धकारले उनीहरूलाई त्राही त्राही बनाउँथ्यो । तर सूर्यको प्रकाशबाट उनीहरूले केही सन्तोषको सास लिन पाउँथे यसैबाट त्यो शक्तिको उग्र र सौम्य मुद्रा पनि उनीहरूको कल्पनामा आउन थाल्यो । त्यसैले ती कल्पनातीत शक्तिको उग्ररूपबाट आफूलाई सुरक्षित राख्न र सौम्य रूपको बारंबार आगमन गराउन उसलाई पूजा, प्रार्थना र खाने वस्तु समेत चढाएर खुशी तुल्याउन थालियो । यसै अनुसार प्रत्येक दिन दृष्टिगोचर हुने सूर्यलाई पनि उनीहरूले पूजा र प्रार्थना गर्न थाले । यो पूजा र प्रार्थना उसको सौम्य गुणलाई निमन्त्रणा गर्नु नै थियो । संभवतः यसै रूपबाट सूर्यपूजाको परंपरा पनि कायम हुँदै आयो । संसारको विभिन्न ठाउँमा रहेका प्रागैति-हासिक गुफाहरूमा तात्कालिक मानवद्वारा बनाइएका केही यस्ता चित्रहरूलाई सूर्यको आकृतिसँग तादात्म्यता गरिएको छ । यसबाट पनि सूर्यले प्रारम्भिक मानवमा विश्वास पारिसकेको देखापर्छ ।

नवपाषाणकालतिर तत्कालिन मानवद्वारा बनाइएको प्रस्तर रेखा केन्द्र ( Stone henge ) लाई कसैले सूर्यदेवताको पूजाको लागि स्थापित भव्य मन्दिरको अवशेष हुनुपर्छ भन्ने अनुमान गरेका छन् ।[१] संसारमा रहेका प्राचीन सभ्यताहरूमा पनि सूर्यपूजाका परंपरा कायम भएको देखिन्छ । इजीप्टमा पहिले त 'रा' नामक सूर्य देवताको पूजा प्रचलित थियो । तर यो अनेकताको पूजा थियो साथै यो बौद्धिक पूजा पनि थिएन । पछि होमेन होटेप चौथोले इजीप्टमा धार्मिक सुधार गरे, जसअनुसार 'एटन' (Aton) देवतालाई सौर्यचक्रको रूपमा पूजा गर्न थालियो । एटनको पूजा सूर्योदय र सूर्यास्तको बेलामा नै हुन्थ्यो ।[२] प्राचीन पर्सियनहरूमा पनि सूर्यको पूजागर्ने प्रचलन थियो । जोराष्टरद्वारा स्थापित धर्ममा दुइटा कुरालाई मुख्य जोड दिएको थियो, त्यसमा एउटा दयालु र

---

* सहायक प्राध्यापक, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा ।

CamScanner

प्रकाश, अर्को दुष्ट र अन्धकार ।[३] यहाँ प्रकाश सूर्यसँगै संबन्धित भएको देखिन्छ । यस्तै फीनेसियनहरूमा पनि सूर्यपूजाको प्रचलन थियो भन्ने कुरा त बाल-पूजा ( Baal-worship ) ले नै देखाउँछ, जसलाई सूर्यपूजाको स्वरूप नै मानिएको छ ।[४] अन्य प्राचीन सभ्यतामा जस्तै सिन्धु सभ्यतामा पनि सूर्यपूजाको स्वरूप रहेको स्वीकार गर्न सकिन्छ । त्यहाँ प्राप्त कुनै मोहरमा स्वस्तिक तथा चक्राकार चिन्ह अंकित गरेको पाइन्छ । यसै आधारबाट यहाँका निवासीहरू सूर्यका उपासक पनि थिए कि भन्ने विद्वान्हरूले अनुमान गरेका छन् ।[५]

यहाँसम्म त सूर्यपूजाको सांकेतिक स्वरूप मात्र देखा पर्छ, तर वैदिककालमा प्रवेश गर्दा सूर्यले महत्वपूर्ण देवताको रूपमा आफ्नो स्थान लिन्छन् । वैदिक ऋषिले दैनिकरूपमा आकाशमा देखिने सूर्य वा सवितासँग पूजा र प्रार्थना गरेको वर्णनले यस कुराको पुष्टि हुन्छ । ऋग्वेदमा ऋषिले उदीयमान सूर्यसँग प्रार्थना गर्छन् कि मित्र, वरुण आदि देवताले उनलाई निष्पाप बनाउन् । यसबाट सूर्यले अनेक पाप पनि नष्ट गर्न सक्छन् भन्ने भावना आइसकेको देखिन्छ ।[६] यतिमात्र होइन ऋग्वेदमा ऋषिले अन्धकारलाई दूर गर्ने सूर्यको तीन रूपको वर्णन गर्छन् । उत्, उत्तर र उत्तम । यसै मन्त्रमा सूर्यको आधिदैविक आधिभौतिक र आध्यात्मिक स्वरूपको वर्णन पनि सुन्दर ढंगले गरिएको छ ।[७] ऋग्वेदको यस प्रकारको वर्णनले सूर्यपूजाले पछि गएर विस्तृत क्षेत्रमा फैलने आड भेटायो । नभन्दै पछि आउँदा सूर्यलाई आदित्य नामले उल्लेख गर्न थालियो साथै १२ वटा यी आदित्यको स्वरूपलाई पनि पूजा गर्न थालियो ।[८] यी १२ आदित्यहरूमा- भग, ऐश, अर्यमा, मित्र, वरुण, सविता, धात, विवस्वान्, त्वष्टा, पूषा, इन्द्र र विष्णु थिए ।[९] यस प्रकार वैदिककालीन ३३ देवताहरूमध्ये १२ आदित्यलाई स्वर्गस्थानका देवताको रूपमा पुजिन्थ्यो । हाम्रो गायत्री मन्त्र जो वैदिक ग्रन्थबाट लिइएको छ, त्यसमा पनि सूर्यलाई प्रार्थना गरेको पाइन्छ । जस्तो त्यसमा 'ॐ भूर्भूस्व तत्सवितुर्वरेण्यं भर्गोदेवस्य धीमहि धियो यो नः प्रचोदयात्' अर्थात् त्रिलोकमा श्रेष्ठ सूर्य भगवान्ले हाम्रो बुद्धिको उन्नति र विकासमा प्रेरित गरून् भन्ने उल्लेख पाइन्छ । आश्वलायन गृह्यसूत्रमा उपनयनसंस्कारको बेलामा आचार्यले आफ्नो शिष्यलाई लिएर भन्छन् 'देव सवित रेषते ब्रह्मचारी त गोपाय समामृत' । अर्थात् हे सविता यो तिम्रो ब्रह्मचारी हो यसको रक्षा गर यो मर्न नपावस् ।[१०]

सूर्यको गरिमाको महत्त्व उपनिषद्मा पनि पाइन्छ । १०८ उपनिषद्मध्ये एउटा सूर्योपनिषद्मा सूर्यको प्रशंसा मात्र होइन उनलाई सर्वश्रेष्ठ देवतामा मानिएको छ । जस्तो यसको एउटा श्लोकमा— सूर्याद्भवन्ति भूतानि सूर्येण परिपालितं । सूर्यालयं प्राप्नुवन्ति यः सूर्यः सोऽहमेव च ।। अर्थात् सूर्यबाट नै सबै चराचर प्राणीको उत्पत्ति हुन्छ उनले नै तिनीहरूको पालना गर्छन् तथा अन्तमा सबै चिज उनमा नै लीन हुन्छन्[११] भनिएको छ । रामायण र महाभारत महाकाव्यमा पनि सूर्यप्रतिको श्रद्धा, भक्ति र सद्भावनाको कमी छैन । यसै समयमा सूर्य भगवान्ले लगाउने गरगहना र उनको सजावटको वर्णन पाइन्छ । महाभारत ग्रन्थमा युधिष्ठिरले वनवासको समयमा सूर्यको स्तुति गरेका थिए ।[१२] यसबाट पनि त्यसबेला सूर्यको महत्त्व मात्र हैन उनी प्रतिको सद्भावनाको स्वरूप देखिन्छ । यस प्रकारको सद्भावना हिन्दू धर्मग्रन्थमा मात्र नभई प्राचीन बौद्धग्रन्थमा पनि पाइन्छ । बौद्धग्रन्थ महासुदस्सनमा प्राचीन भारतीय सूर्यपूजाको कथाहरू पाइन्छन् ।[१३] यसबाट हिन्दू देवताको समूहमा भए पनि बौद्धधर्मभित्र पनि सूर्यपूजा गर्ने परंपराको स्थान थियो । अनेक पालीग्रन्थमा 'सूर्य परित्त' भन्ने उल्लेख पाइनाले पनि यस कुराको समर्थन गरेको देखिन्छ ।

ईसापूर्वको शताब्दीताका केही मुद्रा र भरहुत स्तूपको वरिपरि रहेका सूर्यका मानव रूपको ऊर्ध्वकाय मूर्तिहरू र रश्मियुक्त कमलको फूलका चित्रहरूबाट त्यसबेला पनि सूर्यको पूजागर्ने परंपरा कायम रहेको थाहा हुन्छ,[१४] तर भविष्यपुराणको कथालाई हेर्दा भारतमा सूर्यको मूर्ति बनाई पूजा गर्ने परंपरा इरानबाट आएको देखिन्छ । भविष्य पुराणको १३९ अध्यायको कथाअनुसार श्रीकृष्णका छोरा साम्बले चन्द्रभागा नदीको तटमा एउटा सूर्यमन्दिर बनाए । तर त्यसको पूजारी हुन कुनै तयार भएनन् तब उनले उग्रसेनको पूजारी गौरमुखसँग सोध्दा गौरमुखले

भन्छन्— 'भगाय संप्रयच्छ त्वं पुरमेतच्छुभं विभो । यस्याधिकारी देवान्न देवतानां च पूजने ।'[१५] अर्थात् यो सुन्दर शहर मगलाई दिई अन्तमा देवताहरूको पूजागर्न उनैलाई दिनुहोस् । यसरी नै उनले शाकद्वीपका मगहरूलाई बोलाई पूजारी नियुक्त गरेका थिए । कनिष्कको मुद्रामा उल्लेखित इरानी देवता 'मिहिर' (मित्र या सूर्य )[१६] ले पनि यसै कुरालाई समर्थन गरेको कुरा विद्वान्हरू स्वीकार गर्छन् । विद्वान्हरूको भनाइअनुसार भारतमा सूर्यको मूर्ति बनाई पूजागर्ने परंपरा इरानीहरूको प्रभावबाट आएको हो । सूर्यलाई प्रार्थना र पूजा गर्ने परंपरा प्राचीन भए तापनि मन्दिर र मूर्तिहरू बनाई पूजा गर्ने प्रचलनको विकास भने संभवतः इरानी, जसलाई भविष्यपुराणमा शाकद्वीपका मगहरू भनिएको छ, बाट नै आएको हुनुपर्छ ।

भविष्यपुराणको १२७ र १२८ अध्यायमा सूर्यको प्रार्थनाबाट श्रीकृष्णको छोरा साम्ब कुष्ठरोगबाट मुक्त भएको वर्णन पाइन्छ ।[१७] यसबाट सूर्यभगवान्लाई यहाँ रोगमुक्तिकर्ताको रूपमा लिएको देखिन्छ । यस्तै उल्लेख बंगालमा प्राप्त अभिलेखमा पनि पाइन्छ । उक्त अभिलेखमा 'समस्तरोगानां हर्ता'[१८] भनिएकोबाट सूर्य रोग-निर्मूलक शक्तिदेवताको रूपमा पनि प्रसिद्ध भैसकेका थिए भन्ने देखिन्छ ।

भारतमा गुप्तकालतिर सूर्यपूजाको प्रचलनको अझै विकास भयो । जताततै सूर्य देवताको मन्दिर र मूर्तिहरू बन्न थाले । खास गरेर पश्चिमी भारततिर जोराष्ट्रियन प्रभावमा परी सूर्यका मूर्तिहरू प्रशस्त नै बन्न थालेका थिए ।[१९] यसैताका नेपालमा पनि सूर्यमूर्तिको स्थापना भएको थियो । नेपालमा सूर्यमूर्तिको प्रथम नमूना संवत् ४०२ को टेवहालको अभिलेख हो । जसमा गुह्यमित्र नामक व्यापारीले इन्द्र नाम गरेको भगवान् दिवाकर (सूर्य) को मूर्ति स्थापना गरेको उल्लेख छ ।[२०] तर गुह्यमित्रले स्थापना गरेको सूर्यको मूर्ति कस्तो थियो भन्न सकिदैन । तिथि लेखिएको मूर्तिको नमूना खोज्दा मध्यकालमा आएर मात्र पाइन्छ, त्यो हो ने. सं. १८५ को पाटन थापाहिटीको सूर्यमूर्ति । हुनत प्रा. पाल र भट्टाचार्यले सबैभन्दा प्राचीन सूर्यमूर्तिको क्रममा म्यूजीयममा रहेको तथाकथित राजपुरुषको मूर्ति र पशुपतिको अर्को मूर्तिलाई उल्लेख गरेका छन् । तर यी दुइ मूर्ति सूर्यमूर्ति नै हुन् भन्ने चाहिं कुनै आधार हामीसँग छैन । मध्यकाल वा मल्लकालमा सूर्यका मूर्तिहरू प्रशस्त बने । यसकालतिर बनेका सूर्यमूर्तिहरू एकै थरिका नभई थरिथरिका ढाँचाहरूबाट बनाएको पाइन्छन् । समष्टिगतरूपले हेर्दा यी मूर्तिलाई ३ भागमा बाड्न सकिन्छ —

(१) समपादस्थानमा उभिएको ।
(२) अगाडि अरुणले हाँकिरहेको रथमा बसेको ।
(३) नवग्रहसहितको ।

पहिलो प्रकारको मूर्तिको नमूनामा पाटन थापाहिटी र सौगलटोलको मूर्तिलाई लिन सकिन्छ । यी दुवै मूर्तिमा सूर्यभगवान् उभिएका छन् । उनका जुत्ता छैनन्, माथिल्लो भाग नांगै र तल्लोभागमा धोतीको प्रयोग गरिएको छ । सूर्यको दायाँ बायाँ दण्ड र पिंगल छन् । दुवै मूर्तिको दुवैहातमा सूर्यमुखी फूल छन् । थापाहिटीको मूर्तिको तिथि ने. सं. १८५ र सौगलटोलको ने. सं. २०३ अंकित छ । उभिएकै मूर्तिको क्रममा अर्को प्रकारको मूर्तिलाई पनि यसमा समावेश गर्न सकिन्छ— त्यो हो समपादस्थानमा उभिएको सूर्यमूर्तिले गन्हौ बुट्टै कोट चुच्चे जुत्ताको प्रयोग गरेको । यो मूर्ति इरानी प्रभावमा परेर बनाइएको हुनुपर्छ । नक्सालमा रहेको सूर्यमूर्ति यसै आधारमा बनाइएको छ ।

दोस्रो प्रकारको मूर्तिको राम्रो नमूना बनेपाको मूर्ति हो । जसमा सूर्यभगवान् ७ वटा वायुपंखी घोडाले तानेको रथमा बसेका छन् । उनको वरिपरि उषा र प्रत्युषा छन् । यस्तै प्रकारको थुप्रै सूर्यमूर्तिहरू पनौतीमा र पाटनमा पाइन्छन् । यस प्रकारका मूर्तिमा अरुणको पछाडि घुडासम्म छोपिने गरी सूर्य बसेका देखिन्छन् ।

तेस्रो प्रकारको मूर्तिहरूमा सूर्यलाई नवग्रहसहित अंकित गरेको पाइन्छ । यसमा सूर्यको वरिपरि चन्द्र, भौम, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतुका आकृतिहरू अंकित भएका छन् । यसप्रकारको मूर्तिको राम्रो उदाहरण फर्पिङको मूर्ति हो । यसमा सूर्यको मूर्तिको अर्को बीचमा कुँदिएर वरिपरि नवग्रहका मूर्तिहरू स-साना आकृतिमा कुँदिएका छन् । यस्तै मूर्तिको अर्को नमूना पनौतीमा पनि छ । यसको साथै नवग्रहसहितका मूर्तिहरू ढुंगेधाराहरूमा पनि अंकित गरेको पाउन सकिन्छ । यसबाट स्पष्ट हुन आउँछ कि सूर्यपूजाको प्रसिद्धि नेपालमा फैलिएको थियो । यसले गर्दा नै यससँग संबन्धित मूर्तिहरूका विविध नमूनाहरू हामीकहाँ प्राप्त हुन्छन् । सूर्यका मूर्तिहरूको कुनै कमी भएको महसुस नहुनु नेपालमा सौर्य संप्रदायको प्रचार प्रसारको कारण थियो । यसबाट पनि सूर्यपूजाको महत्वको अनुभव गर्न सकिन्छ ।

आजसम्म पनि हाम्रा प्रचलित संस्कार र पाञ्चायन तथा अन्य पूजा आजामा सूर्यको महत्त्व रहेकै छ । जस्तो नामकरण संस्कारकै बेलामा एउटा छुट्टै विधि पनि गरिन्छ (तर कसैले बालक जन्मेको तेस्रो महीनामा गर्छन् ) जसमा नवजात शिशुलाई सूर्यको दर्शन गराइन्छ ।[२१] उपनयन संस्कारको बेलामा सूर्यको पूजा गर्ने कुरा त माथि नै उल्लेख गरिएको छ । हिमाली खण्डतिर पनि उपनयन संस्कार गर्दा वेदीको माथि ८ पत्रको कमलको फूलको चित्र कोरिन्छ र त्यसमा सूर्यको प्रतीकस्वरूप रातो रंग लगाइने प्रचलन छ ।[२२] नेवार बालिकाहरूको बृद्धि संस्कारमा त सूर्यपूजा अनिवार्य नै छ । यस्तै विवाह संस्कारमा पनि सूर्यको पूजा गर्ने गरिन्छ । कुनै मानिसहरू प्रत्येक आइतवार नून नखाई सूर्यको व्रत बस्ने गर्दछन् । साथै विहान उठी नुहाएपछि सूर्यतिर फर्केर अर्घ्य दिने गरेको पनि दैनिक रूपमा नदेखिने होइन । यस्तो सम्पूर्ण दैनिक क्रियामा पनि सूर्यको धेरै महत्त्व देखिन्छ ।

यस प्रकार अन्धकाररूपि शत्रुलाई नष्ट गरी प्रकाशपुञ्जले मानवप्राणीमा अभिप्रेरित गर्ने अटल सौभाग्यशाली सूर्यभगवान् चराचर जगत्को कल्याणमा सदा अग्रसर भई आएका छन् । उनी शक्तिका अधिष्ठाता हुन्, उनी रोग मुक्तिका दाता हुन् । उनको दर्शनले मात्र प्राणीहरूमा शक्तिको नव संचार हुन्छ, नयाँ भावनाको जागृत हुन्छ । यसै सोचाइबाट मानव प्राणीले जस्तोसुकै अवस्थामा पनि सूर्यलाई अनवरत रूपले पूजा गर्दै आयो । आजसम्म पनि उनीप्रतिको भावनाको न कुनै मात्रामा कमी छ न त उनको दैनिक प्रकाशले हाम्रो कल्याणमा कुनै कमी भएको महसुस गराउँछ ।

## टिप्पणी:–


1. H. A. Davids:- *An Outline History of the World*; Oxford University Press, Hong Kong (1968) p. 12.

२. ऐजन ऐजन– पृ. ३४–३६ ।

३. ऐजन ऐजन– पृ. ६४ ।

४. ऐजन ऐजन– पृ. ८४ ।

५. विनोदचन्द्र पाण्डे र के. सिंह– *प्राचीन भारतीय धर्म, ब्राह्मणीय धर्म*, प्रकाशन केन्द्र लखनऊ, १९८२, पृ. ४ ।


CamScanner

६. रामकृष्ण गोपाल भण्डारकर–*वैष्णव, शैव, और अन्य धार्मिक मत* : भारतीय विद्या प्रकाशन वाराणसी (१९१६) पृ. १७४ ।
७. बलदेव उपाध्याय– *आर्य संस्कृति* : नन्दकिशोर एण्ड सन्स, वाराणसी (१९६२) पृ. ६७ ।
८. A. Barth– *The Religions of India*; Light and Life Publication Delhi, (1978) P. 42.
९. रामरंग शर्मा– *प्राचीन भारतीय वाङ्मय* : भारतीय विद्या प्रकाशन वाराणसी (१९६८) पृ. २ ।
१०. साने गुरुजी– *भारतीय संस्कृति* : साहित्य प्रकाशन दिल्ली (१९५६) पृ. १५९ ।
११. श्रीराम शर्मा आचार्य (सं.)– *१०८ उपनिषदें* (साधनाखण्ड) संस्कृति संस्थान बरेली (१९६४) पृ. ५४० ।
१२. भण्डारकर– पूर्ववत्– पृ. १७४ ।
१३. Rhys Davids- *Buddhist India;* Shusil Gupt Pvt. Ltd. Calcutta (1959) p. 88.
१४. H. D. Bhattacharya– "Minor Religious Sects" *The Age of Imperial Unity*; Bharatiya Bidya Bhawan Bombay (1953) p. 465.
१५. भविष्यपुराण– खेमराज श्रीकृष्णदास, बम्बई (संवत् २०१५) पृ. २०८ ।
१६. सत्यनारायण दूबे– *पुरातत्व प्राचीन सिक्के लिपि एवं अभिलेख विज्ञान* : आनन्द पुस्तक मन्दिर वाराणसी, १९८३, पृ. ४५
१७. भविष्यपुराण– पृ. १८९–१९१
१८. R. C. Majumdar (ed.)–*History of Bengal*; vol. I University of Dacca, 1943, p. 456.
१९. A. L. Basham– *The Wonder That Was India*; the Macmillan co. New York, 1956, p.312
२०. धनवज्र वज्राचार्य– *लिच्छविकालका अभिलेख* नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं (वि. सं. २०३० ) पृ. ५९
२१. Raj Bali Pandey– *Hindu Samskaras*; Motilal Banarasidas Delhi, 1976, p. 87
२२. E. T. Atkinson– *Religions in the Himalayas*; Cosmo Publication Delhi, 1976, p. 195

CamScanner

Nepalese Culture
Vol. IV 1984 ( 2041 )

# नेपाली धातुकलाको ऐतिहासिक परम्परा

विष्णु कार्की*

नेपाली धातुकलाले प्राचीन समयदेखि नै कलाको क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगट्दै आइरहेको छ। तर पनि नेपाली कलाको उत्पत्ति पहिल्याउन कठिन विषय रहेको छ। लिच्छविकालीन इतिहासभन्दा पहिलेको किरात कालीन इतिहास अद्यावधि अस्पष्ट नै छ। किरात कालको उचित खोज विना नेपाली कलाको इतिहास प्रामाणिक रूपमा लिच्छवि कालदेखि नै सुरुवात हुन्छ। केही विद्वान्हरूले पशुपति मृगस्थलीको विरूपाक्ष, राष्ट्रिय संग्रहालयमा राखिएको तथाकथित राजपुरुष, हाँडिगाउँ सत्यनारायण स्थानमा रहेको सानो मूर्ति तथा नघलबाट हाल संग्रहालयमा राखिएको पार्वती नामक मूर्ति र अन्य केही प्रस्तर मूर्तिहरूलाई लिच्छविकालका प्रस्तर मूर्तिमा पाइने कला शैली भन्दा भिन्न र प्राचीन प्रतीत भएको तथ्य माथि जोड दिई किरातकालसँग सम्बन्ध गाँस्न खोजेका छन्। कलाशैलीको आधारमा कालस्थापना गर्न नसकिने होइन भन्ने प्रश्न आउँदैन, तर उपरोक्त प्राप्य सामग्रीबाट अन्य कुनै विश्वसनीय प्रमाण पाउन सकेको भए वा किरातकालको इतिहास प्रमाणित रूपमा निर्धारित गर्न सकेको भए माथि उल्लिखित मूर्तिहरूलाई लिच्छवि कालका अग्रज मूर्तिकला मान्नमा कुनै शङ्का उत्पन्न हुने थिएन। के त नेपाली कलाको इतिहास लिच्छविकालको स्थापनासँगसँगै उत्पत्ति भएको हो त ? यस तर्कलाई केलाएर अध्ययन गर्ने हो भने नेपाली कलाको आरम्भ लिच्छवि कालभन्दा अघि नै भएको हुनुपर्दछ। यस परिप्रेक्षमा तिलगंगाको त्रिविक्रम वामनको मूर्तिलाई प्रस्तुत गर्न सकिन्छ। यो मूर्ति मिति सहित अंकित भएको पहिलो प्रस्तर मूर्ति हो। भारतवर्षको परिप्रेक्षमा भन्ने हो भने त्रिविक्रम वामनको मूर्ति नेपाली त्रिविक्रम वामनको मूर्तिभन्दा सय वर्षपछि निर्माण हुन थालेको पाइन्छ। यस तथ्यले नेपाली कलापरम्परा मानदेवकालभन्दा अघिदेखि नै शुरु भएको प्रमाण उद्घाटित गर्दछ। चाँगुनारायण-को मानदेवको संवत् ३८६ को स्तम्भ अभिलेखमा "(द्रो) लाद्री निवसञ्जयत्यनि (मि) षैरभ्यर्च्यमानो हरिः" भनी उल्लेख गरिएबाट चाँगुको मन्दिर मानदेवभन्दा अघि नै निर्माण भएको कुरा स्पष्ट हुन्छ। वंशावलीमा ३२३ ई. मा उक्त मन्दिर हरिदत्त वर्माले बनाएको कुरा उल्लेख गरिएको छ र हरिदत्तवर्मा ऐतिहासिक व्यक्ति हुन् भन्ने कुरा प्रमाणित पनि भइसकेको छ। साथै प्यागोडा शैलीका मन्दिरलाई नेपालकै उत्पत्ति मान्ने हो भने नेपाली कलाको परम्परा मानदेव कालभन्दा दुइ चार सय वर्ष अघिदेखि नै शुरुवात भएको मान्नुपर्दछ।

धातुकलाको परिप्रेक्षमा पनि नेपाली धातुकलाको ऐतिहासिकता केलाउँदा केही सानातिना विघ्नबाधाहरू अगाडि आइपर्दछन्। नेपाली धातुकलाको इतिहास पनि लिच्छविकालदेखि नै शुरुवात भएको तथ्यलाई त्यसभन्दा अघिको प्रमाण विना स्वीकार्नु परेको छ। पुरातात्विक तथा साहित्यिक प्रमाणहरूको आधारमा पाँचौंको अन्त्य तथा

* सहायक प्राध्यापक, पद्मकन्या क्याम्पस।

CamScanner

छैटौं शताब्दीको शुरुतिर बिहार तथा बंगालबाट नेपाल तथा तिब्बततिर भिक्षु तथा पुजारीहरू प्रवेश गरेका थिए । भनिन्छ प्रस्तर मूर्तिहरू गह्रौं हुने हुनाले हस्तलिखित ग्रन्थ र धातुमूर्तिहरू साथमा ल्याएका थिए । तर कुनै पनि पुरातात्विक प्रमाणले यस तथ्यलाई प्रमाणित गरेको छैन साथै पाँचौं तथा छैटौं शताब्दीमा भारतवर्षमा अन्य मुलुक-मा भित्र्याउने गरी धातुमूर्तिहरू निर्माण भएको पाइदैन ।

यस कारण उपरोक्त विचार नेपाली धातु मूर्तिकलाको प्रसंग माथि विचार गर्ने आधार नै देखा पर्दैन । हाल-सम्म प्राप्त भएका तिथिमिति विनाका प्राचीन मूर्तिहरू भारतका प्राचीन मूर्तिभन्दा एक दुइ विधाले गर्दा भिन्नै विशेषताका प्रतीत हुन्छन् । प्राचीन नेपालका मूर्तिहरूमा पाइने कमलको फूल र विपुत (सानो डल्लो) भारतीय धातु मूर्तिहरूमा पाइदैन । उदाहरण स्वरूप कलकत्ता संग्रहालयमा रहेको चतुर्भुज चण्डेश्वर, बोष्टन संग्रहालयमा रहेको पद्मपाणि लोकेश्वर आदिलाई लिन सकिन्छ । यी मूर्तिहरूले लिच्छविकालदेखि नै नेपाली मूर्तिकलामा भारतीय प्रभाव यदाकदा परेको भए तापनि प्रस्तर तथा धातु कलामा स्पष्टरूपले नेपालीपन रहँदै आएको तथ्यमाथि प्रकाश पार्दछन् । त्यस कारण विदेशी विद्वान्हरूको कथन अनुसार नेपालका प्राचीन धातुमूर्तिहरू भारतबाट नै भित्र्याइएका हुन् वा भारतीय कलाको प्रभावको मात्र बाहुल्यता छ भन्ने तथ्यलाई प्रमाणिक मान्न सकिन्न ।

नेपाली धातुमूर्तिको प्राचीनता अध्ययन गर्नुभन्दा अघि धातुसम्बन्धी कार्यको लेखजोखा गर्नलि सम्बन्धित उद्देश्य राम्रोसँग स्पष्ट हुन्छ । लिच्छविकालभन्दा अघिको इतिहास अन्धकारमै रहेको कुरा माथि स्पष्ट नै गरि-सकिएको छ । लिच्छविकालमा भने राजा मानदेव प्रथमकै समयदेखि धातुकलाको विकास भएको पाइन्छ । तर पनि हालसम्मको अध्ययनमा मानदेवका समयका धातुमूर्तिहरू पाउन सकिएको छैन । तर उनका समयदेखि धातुकलाको रूपमा मुद्राको प्रचलन रहेको देखिन्छ । उनको मुद्राको पुरोभागको सिंहले दाहिने खुट्टा उचालेको र त्यसले लहरा समाउन खोजेको देखिन्छ । पृष्ठ भागमा मूर्ति छ जसको दाहिने हात माथि उठाइएको छ । यसबाट स्पष्ट हुन्छ कि तत्कालीन समयमा धातु पगाल्ने कार्य वा धातुलाई ठप्पा लगाउने कार्य र त्यसबाट आफूलाई चाहिने आकृति वा प्रतिमा निर्माण गर्न नेपाली कलाकार निपुण भइसकेका रहेछन् । साथै ताम्र मुद्राको प्रचलनले उपत्यकामा तामा खानी पनि भएको प्रमाणित गर्दछ ।

अंशुवर्माको संवत् ३१ को टिष्टुङ्गको अभिलेखमा तामाका भाँडाकुँडामाथि निकासी भन्सार लगाइने कुरा उल्लेख गरिएको छ । यस अभिलेखको आधारबाट हेर्दा तात्कालिन समयका मानिसहरूको विभिन्न पेशाहरूमध्ये धातुका भाँडाकुँडा निर्माण गर्नु पनि महत्वपूर्ण पेशा रहेछ भन्ने ज्ञात हुन्छ ।

शिवदेव, अंशुवर्माको अभिलेखहरूमा चर्चित अर्चागोष्ठि (यदि यसलाई मूर्ति बनाउने सङ्गठन मान्ने हो भने) को वर्णन पाइन्छ । उपरोक्त अभिलेखबाट धातुकलाको शिप र व्यापारमा अभिवृद्धि भइरहेको अनुमान गर्न सकिन्छ ।

शिवदेव तथा अंशुवर्माको समयमा मूर्तिकलाको विकास भइसकेको तथ्य Cleveland Museum of Art मा रहेको ५३१ को शाक्यमुनि बुद्धको मूर्तिले स्पष्ट गर्दछ । उक्त मूर्तिको पादपीठमा रहेको अभिलेखबाट मितिसहित तत्कालीन समयको प्रामाणिक संस्कृतिको समेत बोध हुन्छ । हालसम्म पाइएका नेपाली धातुमूर्तिको रूपमा उक्त मूर्ति सबैभन्दा प्राचीन मूर्ति हो । यस प्रकार ५९१ ई. देखिकै धातुमूर्तिको प्रामाणिकताले गर्दा शिवदेवको समयमा रहेको अर्चागोष्ठीलाई वास्तविक साबित गर्दछ ।

प्राचीनताको सन्दर्भमा श्री ५ को सरकारको तत्वावधानमा श्रीमती देवला मित्रको निर्देशनमा पुरातात्विक उत्खनन हुँदा प्राप्त भएका दुइओटा वज्रपाणिका धातुमूर्ति विशेष उल्लेखनीय छन् । यी मूर्तिहरूलाई कुषाण र

प्रारम्भिक गुप्तकालका मानिएको छ । यी मूर्तिहरूलाई प्रारम्भिक गुप्तकालको नमाने तापनि प्रारम्भिक लिच्छवि-कालका मान्न सकिन्छ । यस आधारबाट नेपाली धातुमूर्तिहरूलाई ईशाको तेस्रो शताब्दीसम्मको प्राचीनता औंल्याउन सकिन्छ ।

अंशुवर्माको समयमा नेपाली धातुमूर्तिको चरम उन्नति भएको देखिन्छ । यस सन्दर्भमा अंशुवर्माको समयमा बनेको जटाधारी लोकेश्वरको प्राचीन धातुमूर्तिलाई उभ्याउन सकिन्छ । यस मूर्तिको प्रादुर्भाव र निर्माणबारे वंशावली-को आधार लिई देवीमालामा निम्न प्रकारले लेखिएको पाइन्छ– "श्री राजा अंशुवर्मालाई स्वप्नविषे धर्मराज (यमराज) आई मलाई मूर्तिमा प्रकाश गर भनी आज्ञा प्रसन्न हुँदा धर्मराजलाई आनन्द स्वरूपले लोकेश्वरको मूर्ति बनाई कलिगत ३,४०० चैत्रशुक्ल र तिष्य नक्षत्र आयुष्मान् योग बृहस्पतिबारका दिन प्रतिष्ठा गरी बौद्ध आचार्यबाट अर्चन गराए ।" प्रायः मूर्तिकलाको प्रारम्भिक इतिहासमा धार्मिक परम्परा र विश्वासमा मूर्तिहरू सिर्जिने भएकाले राजा अंशुवर्माले पनि आफूले देखेका सपना साकार पार्न उक्त मूर्ति बनाउन लाएकोमा त्यति चकित हुनुपर्ने देखिदैन । साथै उनका समयमा मूर्ति बनाउने सङ्गठनको पनि विकास भइसकेको र धातुशिल्प मानिसहरूको पेशा भएकाले उपरोक्त देवमालालाई भरपर्दो आधारका रूपमा लिन सकिन्छ । यो ढलौटे मूर्ति एक डेढ हात जति अग्लो छ र यसको मुखाकृति सलक्क परेको सुन्दर देखिएको छ । यो मूर्ति धातुबाट नै निर्माण गरिएको भए तापनि मूर्तिको अङ्ग-प्रत्यङ्ग अनेक वस्त्र र आभूषणद्वारा सिंगारिएको छ र यसको मुखमा पनि एक विशेष माटोको लेपन गरी आँखा, नाक, मुख बनाई चित्रकारी गरिएको छ । अतः फट्ट हेर्दा यो मूर्तिमा माटो प्रयोग गरिएको जस्तो प्रतीत भए तापनि वास्तवमा धातुबाट नै निर्माण गरिएको छ । तिथिमितिसहित भएको उपरोक्त मूर्ति लिच्छविकालीन धातुमूर्तिमा दोस्रो स्थान ओगट्दछ ।

अर्को न्यूयोर्क निवासी बेन हेलर ( Ben Heller ) को व्यक्तिगत संग्रहमा भएको शाक्यमुनि बुद्धको मूर्तिले पनि सातौं शताब्दीमा धातुमूर्तिको प्रचलन अत्यधिक मात्रामा रहेको बोध गराउँदछ । यस मूर्तिको पादपीठको तीनैतिर समर्पित अभिलेख गुप्तलिपिबाट व्युत्पन्न भएको लिच्छवि लिपि छ । हुन त यसमा मिति नभएकोले गर्दा काल निर्धारण गर्न समस्या देखा पर्दछ । तर यसलाई लिपि विज्ञानको आधारमा सातौं शताब्दीको मानिएको छ ।

नेपाली धातुमूर्तिको प्राचीनता चीनीयां ताङ वृत्तान्तले पनि पुष्टि गर्दछ । नेपाली राजकुमारी भृकुटीको तिब्बत-का राजा श्रोङ चोङ गम्पोसँग बिबाह भएको कुरा चीनीयां इतिहासमा उल्लेख पाइन्छ । उनले दाइजो लांदा विभिन्न मूर्तिहरू (अक्षोभ्य, बुद्ध, मैत्रेय, बोधिसत्व, आर्यतारा) साथमा लगेको विवरणले नेपाली धातुमूर्तिको प्राचीनतामा महत्त्वपूर्ण स्थान ओगट्दछ । प्रस्तर मूर्तिहरू नेपालबाट हिमाल पार गरी तिब्बत लैजान कठिन हुन्थ्यो । त्यसकारण उनले आफ्नो साथमा अवश्यं पनि धातुमूर्तिहरू लगेको हुनुपर्छ । यस प्रसङ्गमा मि. हाङ्ग–सेङ–च्याङ्गको कथनले पनि उपरोक्त विवरणलाई स्पष्ट पार्दछ– "भृकुटीले ह्लासामा अनेक बहुमूल्य मूर्तिहरू साथमा ल्याइन् । यी मूर्तिहरू सहितको उनको आगमनले भोटमा बौद्ध परिचय हुन आयो । यतिमात्र होइन, भोटको वास्तुकलामा समेत नेपाली प्रभाव पर्‍यो ।"

राजा नरेन्द्रदेवको समयमा नेपालमा आएका चीनीयां राजदूत वाङ हुन्सेले पनि लिच्छविकालीन धातुकलाको अत्यधिक सुन्दर नमूनाको वर्णन गरेका छन् । उनको वर्णनअनुसार त्यसताका नेपालमा तामाको झिंगटी हालेको एक सात तले राजप्रासाद (भद्राधिवास भवन) थियो । यस राजप्रासादमा भएका बुर्जाहरूमा चारै कुनामा सुनको जलप लागेको मकरका धाराहरू थिए । राजा नरेन्द्रदेव स्वयं विभिन्न आभूषणले सुसज्जित रहन्थे र सुनौलो बुद्धको मूर्ति कुँदिएको कम्मरपेटी बाँध्थे ।

उपरोक्त विवरणबाट सातौं शताब्दीमा नेपालमा धातुकलाको विकास चरम सीमासम्म पुगेको बोध हुन्छ। वास्तवमा लिच्छवि इतिहासमा अंशुवर्माको समय वैभव र सम्पन्नशाली भएको कुरा तत्कालीन समयका शिलालेख र अन्य प्रमाणले प्रमाणित गर्दछन्।

लिच्छवि वंशकै क्रममा राजा जयदेव द्वितीयले आफ्नी आमाको पुण्य प्राप्तिको लागि चाँदीको चारैतिर फक्रेको कमलका पातहरूले घेरिएको एक सुन्दर फूल पशुपतिनाथलाई चढाएको कुरा उनकै पशुपतिनाथको अभिलेखमा उत्कीर्ण गरिएको छ। यसले पनि धातुकलाको विकास तथा त्यसको ऐतिहासिकतामा महत्त्वपूर्ण स्थान राख्दछ।

नेपालको इतिहासमा लिच्छवि राज्यको अवसानपछि केही कालसम्म अन्धकारपूर्ण समयको आगमन भएको देखिन्छ। यस कालमा ठकुरी वंशको उदय भएको कुरो इतिहासमा उल्लेख पाइन्छ। तर आजसम्म प्रामाणिक सामग्रीको अभाव नै छ। यस सन्दर्भमा इतिहासका विद्यार्थीहरूका लागि यो खोजपूर्ण विषय रहेको छ। कला क्षेत्रमा भने यस कालमा राम्रोसँग विकास भएको पाइन्छ। विशेष गरेर नवौं शताब्दीदेखि नेपालमा धातुकलाको लोकप्रियता बढ्दै गएको हो। दशौं शताब्दीमा आदिबुद्धको रूपमा बज्रधरको प्रादुर्भाव हुनु र वज्रयानको लोकप्रियता बढ्दै जानु नै धातु मूर्तिकलाको बाहुल्य बढ्न गएको हो। भारतमा पालशैलीमा धातुकलाको विकास हुँदा नै सोही कालमा नेपाली धातुकलामा पनि उक्त शैलीको छाप स्पष्ट रूपमा परिसकेको देखिन्छ। तर पनि नेपाली धातुकलामा नेपाली अनुभूति र लिच्छवि मूर्तिमा पाइने स्वदेशी अनुहारको छाप भने अलग्गिएको पाईदैन।

नेपाली कलाशैलीमा पालशैलीको प्रभावको विषयमा पनि विद्वान्‌हरूका बीचमा मतैक्य पाईदैन। यस सन्दर्भमा पालवंशको ऐतिहासिक विवेचना र स्थापनाका साथै पालवंशीहरूले संरक्षण गरी हुर्काएका शैलीलाई सरसरती नियाल्नु युक्तिसङ्गत हुन जान्छ। कन्नौजका सम्राट् हर्षवर्धनको मृत्यु भएपछि ईस्वी सन् ७५० तिर बङ्गालमा पाल राज्यको स्थापना भयो। पछि यस राज्यको विस्तार उत्तर बङ्गाल, उत्तर बिहार र आसामसम्म पनि हुन गयो। एवं प्रकारले यस वंशको शासन बागडोर ई. सं. ११५५ सम्म रहेको थियो। यस वंशले विकास गरेको शैली (पाल शैली) मा प्रबल तान्त्रिक प्रेरणाका लक्षणहरू छन्। गुप्तकलामा तान्त्रिक प्रभाव पाईदैन। हुन त शक्तिको नयाँ सिद्धान्तको प्रवर्तकको रूपमा सातौं शताब्दीमा नै असंगको नाम उल्लेखनीय भए तापनि पालशैलीकै माध्यमबाट महायानी बौद्ध मूर्तिहरूमा तान्त्रिक शक्तिको समावेश भएको देखिन्छ। फलस्वरूप बौद्ध देवदेवीका मूर्तिहरूमा धेरै शिर, धेरै हात, भएका मूर्तिहरू देखा पर्न थाले। साथै पालशैलीले शृङ्गारको मात्रालाई पनि वृद्धि गरेको पाइन्छ। यस प्रकार पालवंशको समयमा नयाँ कलाको सिर्जना भएको देखिन्छ। नेपाली कलाकै सन्दर्भमा तारानाथले दुइ प्रसिद्ध कलाकारको नाम लिएका छन्, ती हुन् श्री धीमान् र विपुत्पल। यी दुवै कलाकारले दुइओटा अलग शैलीको स्थापना गरे, धीमानले पूर्वीय शैली (बङ्गाल) र विपुत्पलले पश्चिमी शैली। तारानाथकै कथनअनुसार नेपालमा कलाका प्रारम्भिक शैलीहरू पुरानो पश्चिमी शैली सादृश्य देखिन्थे, तर कालान्तरमा आफ्नै ढङ्गको आफ्नै पद्धतिको नेपाली शैली सिर्जना भयो। अनि यस शैलीका चित्रकला र धातुकला पूर्वी शैलीका सादृश्य देखा पर्न थाले। आधुनिक कलाकारको भने कुनै खास लक्षण छैन। यसबाट स्पष्ट हुन्छ कि नेपाली कलाशैलीमा पाल शैलीको प्रभाव परे पनि वास्तवमा ती नेपाली परम्परा र शैलीभित्र मिसिएर गए। यसले नेपाली शैलीलाई आफ्नो अस्तित्वमा पूर्णरूपले ढाल्न सकेन। तर केही विद्वान्‌हरूको धारणाअनुसार नेपालमा पालशैलीको पूर्णतया विकास भएको थियो र यसलाई नेपालसम्म आइपुग्न एघारौंदेखि तेह्रौं शताब्दी बीचको समय लागेको हुनुपर्दछ। यस आधारबाट अध्ययन गर्दा नेपालमा आठौंदेखि एघारौं शताब्दीसम्म नेपाली कलाकारहरूको अस्तित्व नै हराएर गएको देखिन्छ। यस प्रकार उत्तर बङ्गालमा पालशैलीको विकास सँगसँगै त्यसको प्रभाव नेपालमा पनि रहेको भए तापनि नेपाली

CamScanner

कलाशैलीलाई आफ्नु अनुरूप बनाउन सकेन । यसैले पालशैलीको कुनै पनि धातुमूर्तिहरूलाई त्यसको आगमनको समय छुट्याई मिति निर्धारण गर्नु नेपाली धातुकलाप्रति अन्याय गर्नु सिवाय अरु ठूलो उपलब्धि हुँदैन ।

खास गरी तेह्रौं शताब्दी उप्रान्त नेपाली धातुकलामा बाह्य प्रभाव निकै बढ्दै गएको देखिन्छ । तेह्रौं शताब्दीको प्रारम्भिककालदेखि भारतवर्षमा रहेको आर्यसभ्यता र संस्कृतिमाथि मुसलमानहरूको प्रहार शुरू भयो । यसको परिणाम स्वरूप पालवंशी र सेनवंशी राजाहरूको पालामा बङ्गाल र विहारमा कलाको केन्द्रस्थान बनेका पाल र सेन स्कूलहरू विक्रमशीला, नालन्दा आदि बौद्ध केन्द्रहरू नष्ट भ्रष्ट हुन थाले । अनि त्यस बेला विहार, बङ्गालका धर्म र संस्कृतिका रक्षकहरू, विद्वान्हरू आफ्नो धर्म र संस्कृतिको सुरक्षार्थ भारतबाट नेपालभित्र आश्रय लिन पुगे । यस प्रकार पालवंशीहरूको समयमा नै व्यापकता पाएको तान्त्रिक कलाकेन्द्र नेपाल हुन पुग्यो । मल्लहरूको उदय भएपछि तान्त्रिक धर्मकै प्रभावले गर्दा अब नेपाली कलाले नयाँ मोड लिन थाल्यो । मूर्ति तथा चित्रहरू सरल तथा सादा नभई अलङ्कारपूर्ण भए । देवी देवताहरूका मूर्तिहरूमा रहस्यमय मुद्रा थपिदै गए । पौराणिक देवी देवता बाहेक अरु देवी देवताहरूको बराबर पूजा हुन थाल्यो । लिच्छविकालका कलामा पाइने सरलता हराउँदै गयो । यही कालदेखि वज्रपाणि, लोकेश्वर, भैरव, वसुन्धरा, मन्जुश्री, सम्भर, महाकाल आदि अनेक मूर्तिहरू बन्न थाले यसरी शरणार्थीहरूका रूपमा आएका अनेक पण्डित तथा शिल्पकारहरूले नेपाली संस्कृति र कलालाई झन् उच्चतर पारिदिए । यसले गर्दा यहाँका शिल्पकारहरूमा आश्रित शिल्पकारहरूको केही प्रभाव अवश्यं पनि रहन गयो । खास गरेर ग्रन्थचित्रको क्षेत्रमा यस्तो केही प्रभाव देखिन्छ । तापनि सूक्ष्म दृष्टिले हेर्‍यो भने ती ग्रन्थ चित्रहरूमा पालशैलीभन्दा ज्यादा नेपालीपन देखिन्छन् ।

पन्ध्रौं शताब्दीमा तुर्कहरूको आक्रमणले कवि विद्वान्हरूले आफ्ना साहित्य, कला र संस्कृति इटाली र पश्चिम यूरोपेली देशहरूमा ओसारी लगे । यसको फलस्वरूप यूरोपमा साहित्य, कला र संस्कृतिको क्षेत्रमा नवयुगको आगमन भयो । ठीक यस्तै रूपले तेह्रौं शताब्दीमा भएको घटनाले पनि नेपालमा कला र साहित्यको क्षेत्रमा नवजागरण ल्याइदियो । तर यस जागरणले लिच्छविकालदेखि चलिआएको परम्परागत शैलीकै आधारमा अभिवृद्धि गर्‍यो । यसको मुख्य कारण नेपाली शिल्पीहरूले आफ्नै परम्परामा मूर्ति निर्माण गर्दै आएका हुनाले त्यो परम्परा बलियो भइसकेको थियो । यसले गर्दा शताब्दी शताब्दीसम्म कायम रहेको परम्परालाई पालशैलीले पूर्णतया आफ्नै अनुरूप ढाल्न सकेन । हुन त मल्लकालका कलामा तान्त्रिकपनको मात्रा बढी प्रभाव पाइन्छ । यो पनि स्वीकार्य छ कि तान्त्रिककलाको शुरुवात पाल शैलीकै देन हो । तर तान्त्रिक मतको कलामा पाल कलाकै देन भए तापनि कलामा पाइने विशेष शैली नेपालीपन नै रहेको छ । यसरी मल्लकालमा तान्त्रिकमतको ज्यादा प्रभाव पर्नुको मुख्य कारण तत्कालीन शासक वर्गको तान्त्रिक मतपट्टिको झुकाउ पनि थियो ।

मल्लकालमा शासकहरूको धर्म तथा कलाप्रतिको विशेष झुकाउले गर्दा नै धातुकलाको यस कालमा विशेष उन्नति भएको पाइन्छ । यस कालमा राष्ट्रिय क्षेत्रमा मात्र नभई अन्तर्राष्ट्रिय क्षेत्रमा समेत ख्यातिप्राप्त गर्ने कलाकारको जन्म भएको पाइन्छ । ईस्वी सन् १२४३ मा जन्मेका नेपाली कलाकार अरनिको ( उसको नाम चीनमा प्रसिद्ध छ ) ले बीस वर्षको उमेरमा आफ्नो साथमा अस्सीजना कालिगढहरू लिएर गएको, उहाँ गई उनले गुम्बा बनाएको र उनको नाम चीनसम्म फैलिएर चीनका बादशाह कुवलाय खाँले उनलाई बोलाई अनेक धातुमूर्तिहरू मरमत र निर्माण गर्न लगाएको उल्लेख पाइन्छ । उनले A Canon of Propertion भन्ने कलासम्बन्धी पुस्तक लेखेका थिए । चीनीयाँ भाषामा यसको अनुवाद सत्रौं शताब्दीमा गरिएको थियो । यस कालमा तिब्बतलाई चाहिने यावत्-धातुमूर्तिहरू र पौभा चित्र कि त नेपालबाट जान्थे, कि त उहीं गई नेपाली कलाकारहरूले मागेबमोजिम निर्माण गरी फर्कन्थे ।

CamScanner

यस प्रकार मल्लकालमा नेपाली धातुकलाको विकास चरमसीमामा पुगेको थियो। यो मल्लकालीन धातुकलाको सबभन्दा ठूलो उपलब्धि थियो जसले आफ्ना कलालाई छिमेकी देशमा समेत प्रभाव पार्न सफल भयो।

यस कालमा धातुकलाको मूर्ति बाहेक अन्य क्षेत्रमा पनि प्रयोग बृहत् रूपले हुन थाल्यो, जस्तै घण्ट, दियो तथा पानस, कुचो, सिह्नम तथा ज्वालाह्लायक र धारा आदि। जसले गर्दा धातु शिल्पीमा ठूलो प्रेरणा हुँदै गयो। धातुकलाको फन् ठूलो विकास हुन पुग्यो।

मल्लकालीन धातुकलामा अर्को नयाँ आयाम राजा तथा राजपरिवारको प्रतिमा निर्माण गर्ने परम्पराको शुरुवातस्वरूप थपिएको पाइन्छ। हनूमान् ढोकाअगाडिको प्रताप मल्ल र उनका परिवारहरू, भक्तपुर दरबार क्षेत्रभित्र रहेको भूपतीन्द्र मल्लको प्रतिमा आदि यस क्षेत्रका सर्वोत्कृष्ट नमूना हुन्। साथै यस कालमा साधारण मानिसहरूका प्रतिमा पनि स-सानो रूपमा भए पनि मन्दिर अगाडि बनाएर राख्ने परम्पराको समेत शुरुवात भयो।

यस प्रकार मल्लकालमा जति-जति धातुकलाको विकास हुँदै गयो र बृहदरूपमा प्रयोग हुँदै गयो, त्यति नै मात्रामा नेपाली धातु शैलीमा बीभत्स तथा विकृतरूप आउँदै गइरहेको थियो। पन्ध्रौं शताब्दीसम्म पनि नेपाली धातुमूर्तिमा प्राचीनताको केही छाप पाइन्छ। तर त्यसपछि बनेका मूर्तिमा प्राचीन परम्परा लोप हुँदै गएको पाइन्छ। सत्रौं शताब्दीसम्म आइपुग्दा नेपाली धातुमूर्तिमा धेरै अलङ्कार थपिएको पाइन्छ। यस समयदेखि धातुमूर्तिमा मङ्गोलियन प्रभाव सर्वत्र रूपमा प्रयोग भएको पाइन्छ। अठारौं, उन्नाईसौं शताब्दीमा बनेका मूर्तिहरूमा पनि पछिल्लो समयकै विशेषता पाइन्छ।

खास गरी मल्ल साम्राज्यको पतनपछि नेपाली धातुकलाको त्यति ठूलो विकास हुन सकेन। विशाल नेपालको एकीकरण र अन्य घरेलु समस्यामा पृथ्वीनारायण शाहले अल्झिनु परेकाले कलापट्टि मल्लकालका शासकले जै दृष्टि पुऱ्याउन असमर्थ रहेको पाइन्छ। यसपछि राणाकालमा नेपाली कला पूर्णरूपमा अपहेलित भएको थियो। यस कालका शासकहरूले शालिकसमेत बाह्य देशबाट झिकाई राख्ने परम्परा कायम गरे।

## सन्दर्भ ग्रन्थहरू


(१) सत्यमोहन जोशी
२०३५
*नेपाली धातुमूर्तिको विकासक्रम* (प्रथम संस्करण) काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

(२) गौतमवज्र वज्राचार्य
२०३३
'नेपालको कला' *नेपाल परिचय*, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्व-विद्यालय।

(३) धनवज्र वज्राचार्य
२०३०
*लिच्छविकालका अभिलेख*, काठमाडौं : त्रिभुवन विश्व-विद्यालय नेपाल एशियाली अध्ययन संस्थान,।


CamScanner

(४) मनवज्र वज्राचार्य

*नेपालको मध्यकालीन कला* (पहिलो संस्करण) काठमाडौं : श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय सूचना विभाग ।

(५) जगदीशचन्द्र रेग्मी
२०२६

*लिच्छवि संस्कृति*, काठमाडौं : रत्नपुस्तक भण्डार, ।

(६) लैनसिंह बांग्देल
२०२८

*नेपाली धातुमूर्तिकला*, प्रज्ञा वर्ष १ अङ्क ४ : काठमाडौं, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

(७) प्रेम खत्री
२०३६

*नेपाली समाज र संस्कृति*, काठमाडौं : त्रिभुवन विश्व-विद्यालय, पाठ्यक्रम विकास केन्द्र ।

(८) AMITA ROY
1973

*Art of Nepal*, New Delhi : India Council for Cultural Relation, P. 38.

(९) P. R. SHARMA
1968

*Bronzes of Nepal*, Kathmandu : Journal of T. U. Vol. III, No. 1, Janaury.

(१०) MARY SHEPHERD SLUSSER
1975

*Archive of Asia Art*, Washington D. C. : Asia Society Inc.

(११) MICHAEL RIDLEY
1965

*Oriental Art India, Nepal and Tibet*, (First Edition) Calcutta : Firma K. L. Mukhopadhya.

(१२) R. N. PANDEY
2025

*Architecture of Kathmandu Valley*, Kathmandu: Vashudha, Vol. XI, Asadha No. 7.


CamScanner

Nepalese Culture
Vol. IV 1984 ( 2041 )

# झापा, मोरंग र सुन्सरी जिल्लाका अति पिछडिएका मुसहर, झांगड, सतार, बांतर र धिमाल जातिहरूको सामाजिक तथा आर्थिक जन–जीवन बारे एक सर्भेक्षण

किरणदत्त उपाध्याय*

यस सर्भेक्षणको सन्दर्भमा झापा जिल्लाको जलथल, हल्दिबारी, गारामुनी, ज्यामीरगढी (कालिकाझार) पञ्चायतहरूको विभिन्न वडाहरूमा गई खास गरेर सतार जातिहरूमा बढी ध्यानाकर्षण गरी उनीहरूको विभिन्न समूहमा बसी अध्ययनको सिलसिलामा विभिन्न प्रश्नहरू गरी अवलोकन गरिएको हो । यसै गरी मोरंग जिल्लामा झापा बैजनाथपुर, कटहरी, भौडाहा, बेलबारी, झोराहाट, उर्लाबारी, केरौन पञ्चायतहरूमा गई खास गरेर धिमाल जातिको र अन्य जातिहरूमध्ये बांतर, झांगड तथा मुसहर जातिहरूको पनि जन–जीवन अध्ययनमा समावेश गरिएको थियो । सुन्सरी जिल्लामा खास गरेर बांतर र मुसहर जातिहरूको जन–जीवन अध्ययन गरिएको थियो ।

यी जातिहरू यी तीन जिल्लाका जुनसुकै स्थानमा बसोबास गरेका भए तापनि आ–आफ्नो जातिहरू प्रायः एकै ठाउँ या गाउँमा आ–आफ्नो समूह मात्र बनाएर बस्ने गरेको पाइएको छ । साथै यी तीनै जिल्लाका जुनसुकै स्थानमा बसे पनि रहन–सहन (जन–जीवन) एकै नासको पाइएको हुनाले तल वर्णनमा छुट्टा–छुट्टै जातिको एकै ठाउँमा वर्णन समावेश गर्ने कोशिश गरिएको छ । यसरी अध्ययन गर्दा जो आफ्नो आर्थिक अवस्थामा अलिकति उच्च स्थान ओगटेका थिए उनीहरूसँग सोधनी गरिएको थिएन । कारण अध्ययनको उद्देश्य नै अति पिछडिएका आर्थिक अवस्थामा ज्यादै कमजोर स्थिति भएकाहरूलाई केन्द्रविन्दु बनाइएको थियो । अरू जातिहरूमा प्रायः सबैको दयनीय स्थिति नै पाइएको हुँदा यस्तो छटनीको आवश्यकता नै महसूस भएन तर धिमाल जातिहरूको हकमा भने केहीले आफ्नो परिवार येनकेन धानिराखेका (जो आर्थिक अवस्थामा अलिकति माथि थिए) हरूलाई भने छटनी गरिएको थियो ।

यस अध्ययनको मूल उद्देश्य यी जातिहरूको सामाजिक, आर्थिक जन–जीवन (अवस्था) को अध्ययन गर्नुका साथै

---

* श्री उपाध्याय त्रि. वि. वि. कीर्तिपुरको मानवशास्त्र/समाजशास्त्र शिक्षण समिति तथा जनप्रशासन अध्ययन संस्थानमा प्राध्यापनरत हुनुहुन्छ ।

CamScanner

यिनीहरूको आर्थिक अवस्थामा टेवा पुऱ्याउने स्थानीय कच्चा पदार्थ तथा शीपका आधारमा विकल्प रोजगारीको सम्भावना समेत हेर्ने भएको हुँदा सो सम्बन्धमा समेत प्रकाश पार्ने कोशिश गरिएको छ । सम्पूर्ण अध्ययन (Participant Observation) सर्वेक्षणमै आधारित छ ।

## अध्ययन विवरण

### मुसहर जातिको अवस्था

यिनीहरू आफूलाई ऋषिदेव भनेको बढी रुचाउँदा रहेछन् । अधिकांश रूपमा अर्काको जमीनमा बनीबुतो गरी दिन व्यतीत गर्दै गरेको पाइएको छ । घर पनि प्रायः अर्काको जमीनमा बाँधेका हुंदा रहेछन् । मोरंग जिल्लाका विभिन्न पञ्चायतमा हेर्दा यिनीहरूको घरमा परालको छाना र कचिको टाटीले बारेको पाइएको छ । त्यसै गरी सुन्सरी जिल्लाका विभिन्न पञ्चायतहरूमा हेर्दा उखुको पत्ताको छाना र त्यसैको टाटी समेत पाइएको छ । झापा जिल्लामा भने कतै–कतै खरको छाना देखिएको छ । यिनीहरूको सानो झुपडीमा बढीसेबढी दुइ कोठा पाइएको छ । प्रायः जसो सबैतिर लोग्ने स्वास्नी दुवै प्राणीले बनीबुतो गरी जीविकोपार्जन गर्दा रहेछन् । केटा–केटीका हकमा अलि उमेर पुगेका अर्थात् १०।१२ वर्ष उमेर भएकाहरू पनि पाएसम्म अरूको वस्तुभाउ हेरचाह गरी अलिकति भए पनि सामल खाजा बटुली आपनो परिवारको बोझ हलुङ्गो गर्न समर्थ हुने रहेछन् । रोजगार (काम) को हकमा जनमजुरी ज्याला-दारी नै मुख्य भए पनि यो काम वर्षको ४।४ महीना मात्र राम्ररी पाउने र त्यस पछिका दिनहरू बढी कष्टदायी हुंदो रहेछन् । दैनिक दुइ छाक टार्नु नै सबैभन्दा ठूलो समस्याको रूपमा रहेछ । आइमाई केटाकेटीहरूको अङ्ग राम्ररी ढाक्ने एकसरो वस्त्र पनि राम्रो हुंदो रहेनछ ।

धेरै थोरैको थोरै नै भए पनि मोहीयानीहक रहेछ । अधिकांशको रोजो रोटी नै जनमजुरी मात्र पाइएको छ । कलकारखाना आदिमा श्रमिकका रूपमा काम गर्ने कोही पनि भेट्टाइएनन् । कसै–कसैका घरमा गोरु या रांगा एक हलसम्म मात्र (धेरै थोरैको) पाइयो । यस्ताहरूको चाहिं मोहीयानी पनि रहेछ । यस्ता अल्प व्यक्तिहरूको भने एक दुइ बाखा–बाखी समेत भएको पाइयो । तर कसैले पनि वस्तुभाउबाट आर्थिक लाभ अलिकति भए पनि उठाउन सकेको पाइएन । यी मुसहर जातिहरू जो अध्ययन अन्तर्गत परेका थिए कसैका पनि केटाकेटी स्कूल पठाउने या जाने गरेको पाइएन । हाल कक्षा ५ सम्म निःशुल्क शिक्षाको व्यवस्था भए तापनि पेटमा अन्न र जिउमा वस्त्रको अभावले गर्दा केटा–केटीहरू स्कूल नपठाइने या नजाने गरेको बुझियो ।

यिनीहरूमा पुरुषभन्दा स्त्रीहरू ज्यादं बोल्ने र काम पनि बढी गर्ने गर्दा रहेछन् । पुरुष जातिहरू ज्यादं अल्छी र घरमा एक छाक अन्न पानी हुन्जेलसम्म काम नगर्ने आलस्य मनोवृत्तिका पाइएका छन् । साथै यो जातिमा मादक पदार्थ रक्सी, गाँजाको ज्यादं नराम्रो लत भएको पाइएको छ । बनीबुतो गरेरै ल्याएको भए तापनि धेरै रकम रक्सीमै खर्च गर्ने गरेको पाइएको छ । यसरी ल्याएको रकमबाट आफूखुशी खांदा घरमा आफ्ना केटा–केटी भोकभोकै पर्दा सम्म पनि कुनै चासो समेत नलिने गरेको पाइएको छ ।

यिनीहरूको शीप भनौं या पुख्यौली शीप जे भनौं यिनीहरूका पुरुषवर्ग माटो काट्ने काममा भने शिपालु हुंदा रहेछन् । यिनीहरूले बाल्यावस्थादेखि नै खेतका गराहरूमै व्यतीत गरेका हुनाले २–४ कट्ठा नै भए पनि जमीन पाए

त्यसैबाट जीविकोपार्जनलाई ठूलो मद्दत पुग्ने थियो भन्ने धारणा राख्छन् । स्त्री जातिहरूको हकमा व्यवस्था मिलाइदिन सके ताना–बुनाको काम (शीप सिकाइदिएको खण्डमा) गर्न समेत इच्छुक भएको पाइएको छ । मोरंग जिल्लाको भौडाहा पञ्चायतमा केही मुसहरहरू कबीरपन्थी धर्म मान्ने गरेका रहेछन् । यिनीहरू सुंगुर पालन र कुखुरा पालनसम्बन्धी कुरा सुन्नसम्म पनि रुचाएनन् । तसर्थ अधिकांशको इच्छा भैंसी पाल्न पाए त्यसको दूध बेचबिखन गरी केही रकम आर्थिक अवस्थामा टेवा पुऱ्याउन जुटाउने रहेको छ ।

## झांगड जातिको अवस्था

यिनीहरू आफूलाई झांगड भनेको मन पराउँदा रहेनछन् । यिनीहरूलाई धुडियारी भन्नु पर्दोरहेछ । झापा, मोरंग र सुन्सरी जिल्लाका विभिन्न पञ्चायतमा कुनै–कुनै स्थानमा मात्र यिनीहरूको बसोबास पाइएको छ । मुसरहरूको दाँजोमा यिनीहरू बढी मोहीयानीहक भएका पाइए तापनि अधिकांश जनमजुरी नै गरी आफ्नो जीविकोपार्जन व्यतीत गर्दै गरेको पाइएको छ । घरको हकमा मुसहर जातिको जस्तै पराल, उखुको पत्ता, खर आदिको छाना र काँचिको टाटीले बेरिएको, बढीसेबढी दुइ कोठा भएको छाप्रो बसाली बसेका रहेछन् । झापा जिल्लामा भने कतै–कतै ढोड र सन्ठीको बार लगाई बसेका रहेछन् । धेरै थोरै मात्रामा यिनीहरूका केटाकेटीहरू स्कूल पठाउन इच्छुक भए तापनि अधिकांश आर्थिक सङ्कटले गर्दा असमर्थ रहेछन् । यसको कारण सम्बन्धमा सोधिएको एक प्रश्नको उत्तरमा लगाउने लुगा र दुइ छाकको प्रबन्ध नै पुऱ्याउन नसकिएकोले स्कूल पठाउन कर गर्न नसकिने भन्ने जवाफ पाइयो । अर्को एक प्रश्नको उत्तरमा स्कूल जानु सट्टा कसैको वस्तुभाउ हेरिदिए बापत वा खेत बारी, घरमा काम गरिदिए भने कमसेकम काम गरेको दिनमा राम्ररी दुइ छाक खान भेटिन्छ भन्ने दृष्टिकोण पनि पाइएको छ ।

यिनीहरूमध्ये अधिकांशको धारणा अलिकति जमीन पाए आफैं काम गरी आफ्नो हालको दयनीय आर्थिक अवस्थामा अलिकति टेवा पुऱ्याउन सकिन्थ्यो कि भन्ने रहेछ । यो जातिहरूमध्ये जसको अलिकति भए पनि मोहीयानी हक छ उनीहरूले जग्गा धनीकै जग्गामा आफ्नो घर बाँधेको पाइएको छ । कसै कसैले भने ऐलानी जग्गामा समेत घर बाँधी बास बस्ने गरेका रहेछन् । केही थोरैको आफ्नो निजी जग्गा थोरै भए पनि पाइएको छ । यसै गरी थोरैका घर दैलामा थोरै मात्रामा भए पनि वस्तुभाउ भेटियो तर कसैले पनि त्यसबाट आर्थिक लाभ उठाउन सकेको भने पाइएन । कसै–कसैले ५–७ कुखुरा पालेका भए पनि रोग लागी मर्ने भएकाले कुखुरा पाल्न ज्यादै डर मान्ने रहेछन् । बरु पाएसम्म भैंसी पालन गर्न रुचाएको पाइएको छ ।

प्रायः घरैपिच्छे यो जातिहरू माछा मार्ने जाली बनाउँदा रहेछन् । यसै गरी यिनीहरू माछा समेत मार्न शिपालु हुँदा रहेछन् । तसर्थ ताना–बुनाको काम यिनीहरूलाई सिकाई कच्चा पदार्थ उपलब्ध गराइदिन सकेको हकमा जाली, स्वेटर, कपडामा जाली हाल्ने काम चाँडै सिक्न सक्ने रहेछन् भन्ने बुझियो । पहिले–पहिले खजुरको पत्ता, पटेर, केराबाट गुन्द्री बनाउने प्रचलन रहेछ तर हाल कच्चा पदार्थको कमी भएबाट यो कामहरू प्रायः बन्द नै रहेछन् ।

## सतार जातिको अवस्था

आर्थिक, सामाजिक दृष्टिले यो जातिहरू अरूको दाँजोमा भिन्नै खालका भेट्टाइएका छन् । यिनीहरूको मुख्य

काम नै माछा मार्ने, शिकार खेल्ने, जङ्गलमा गिट्ठा खोजी खाने रहेछ । अध्ययनमा समावेश गरिएका अरु जातिको तुलनामा यिनीहरु बढी सौखीन पाइएका छन् । यिनीहरुको माछा मार्ने वार्षिक ठूलो उत्सव नै हुँदो रहेछ । आफ्ना वर्गका मानिसलाई एकट्ठा गर्नु परेमा स्याउलो बोकेर प्रचार गरी मानिस एकट्ठा गर्दा रहेछन् । यिनीहरुलाई आदि वासीमा गणना गरिए पनि यिनीहरु भारतको बिहार प्रान्तको दुम्का जिल्लाबाट पुर्खौं–पुस्ता अघि आई बसोबास गर्ने गरेको थाहा भयो । यी जातिहरु झापा जिल्लाको जलथले, हल्दीबारी, गारामुनी र ज्यामिरगढी पञ्चायतहरुमा बढी एकत्रित भएको पाइएको हुँदा अध्ययन कार्यमा झापा जिल्लामा यी सतार जातिलाई केन्द्रबिन्दु बनाइएको थियो ।

यी जातिहरु ज्यादै सोझा पाइएको छ । आफ्नो गाउँ घरमा मात्र पनि के भइराखेको छ, सोको समेत यिनीहरुमा ज्ञात हुँदो रहेनछ । यिनीहरु मुसहर जातिको दाँजोमा बढी काम गर्ने पाइएको छ । यिनीहरुको अवस्था घर तथा खानपिनको प्रबन्ध हेर्दा अरु जातिको सरह नै कठिन भएको पाइयो । घरको बनौट परालको छाना र कचिको टाटीको प्रयोगबाट हुन्छ ।

कोही सतारहरु थोरै भए पनि मोहीयानी खेती गर्ने पेशा भए तापनि धेरैजसोले बनीबुतो नै गरी अर्काको खेतीमा काम गरी, शहर बजारतिर आई जनमजुरी गरी जीविकोपार्जन गर्छन् । श्रीमान् श्रीमती दुवै बरि काम गर्छन् । जसका घरमा १०–१२ वर्ष पुगेका केटाकेटी हुन्छन् उनीहरु पनि आफूले सक्दो बनी-बुतो गर्छन् । यी जातिका केटा–केटीहरु पनि प्रायः नगण्य नै स्कूल जाने गरेको पाइएको छ ।

यी जातिमा भने प्रायः सबैकोमा एक दुइओटै मात्र भए पनि बस्तुभाउ पाल्ने गरेको पाइएको भए तापनि त्यसबाट कसैले पनि आर्थिक लाभ उठाउन सकेको पाइएन । जनावरमा शिकार खेल्ने हुँदा धेरैले कुकुर पाल्दा रहेछन् । जङ्गलमा तीर, भाला लिई झुण्डका झुण्ड भई कुकुरहरु समेत लिई शिकार खेल्न हिड्छन् ।

यिनीहरु पनि बाल्यकालदेखि खेतमा हिंडडुल गर्ने, काम गर्ने गरेकाले अलिकति भए पनि जग्गाको चाहना बढी गरेको पाइएको छ । भैंसी पालन सम्बन्धमा आफ्नो निजी जमीन नभएकाले पराल आदिको व्यवस्था गर्न गाह्रो पर्ने कुरा उल्लेख गर्दै कठिनाई देखाएका छन् । ताना–बुनाको काम सिकाई कच्चा पदार्थ तथा बजारको व्यवस्था मिलाइ-दिएमा स्वेटर, झल्ला, ढाको, गुन्द्री आदि बनाउन खास गरेर घरका महिला वर्गलाई सरीक गराउने इच्छा प्रकट गरेको पाइएको छ । यी जातिमा बढी मर्डी, हस्दा, किस्कू, मुर्मु, सोरेन, टुडू, बेस्रा, हेमरम र बास्के थर पाइयो । यी जातिमा पाइएको मौजूदा शीपमा मुडा बनाउने, ढकी बनाउने र बिर्नाको (घोघे घाँस जस्तै) कुचो बनाउने उल्लेखनीय छ ।

## बांतर जातिको अवस्था

यिनीहरु आफूलाई सरदार भनिएको बढी रुचाउँदा रहेछन् । यी जाति दुइ किसिमका पाइएका छन् । जसको समाजमा पानी चल्छ उनीहरुलाई राज बांतर र अर्को थरी जसको पानी चल्दैन, उनीहरु ढोके बांतर भनिन्छ । राज बांतरलाई कतै–कतै धामी पनि भन्ने गरेको पाइएको छ । अघि अघि ढोके बांतरहरुचाहिं राज बांतरकहाँ नोकरी गर्ने हुनाले यिनीहरुको नामाङ्कन ढोके भन्ने भएको धेरैले बताएका छन् । हालसम्म पनि यिनीहरुको घरको अवस्था, समाजमा प्रतिष्ठा, गाउँ घरभन्दा बाहिरको समाजको जानकारी पाएका आधारहरुलाई केलाएर हेर्दा राज बांतरले ढोके बांतरको तुलनामा माथिल्लो स्थान ओगटेको पाइन्छ ।

CamScanner

यिनीहरूको घरको अवस्था पनि झांगड जाति जस्तै सधैं आफ्ना परिवारका सदस्यहरूलाई दुइ छाक टार्न धौ धौ पर्ने कुरा बुझिएको छ। यिनीहरूमध्ये सुनसरी जिल्लाको खनार गा. पं. मा भने बांतरहरू केही सम्पन्न र कसैं कसैंको घरमा खरको (फुसको) छाना र बाँसको ठोकुवा टाटी भएको र त्यसमाथि लिपोत गरेको बेरा समेत पाइयो। यिनीहरूले थोरै मात्रामा भए पनि मोहीयानी पाएका र अर्काको जग्गामा काम गरी जीविकोपार्जन चलाउने भए तापनि अधिकांशको पेशा ज्याला मजुरी नै गर्ने गर्छन्। यिनीहरू पनि वर्षको ४–५ महीना मात्र रोजगार पाउने हुनाले अरू अवधि बढी कठिनताका साथ व्यतीत हुन्छ। परिवारको आर्थिक भारले यिनीहरूका बाल–बालिका पनि स्कूल जानबाट वञ्चित भएका छन्।

शीपको हकमा भने यो जातिमा मुसहर, झांगड र सतारको दाँजोमा बढी शीप क्षमता पाइएको छ। यिनीहरू खास गरेर ढकी, गुन्द्री, पटिया, मुडा, झाडू आदि बनाउन सिपालु छन्। थाकलको पातको पटिया, बिर्नाको (घोघे जस्तै) कुचो बनाउने पटेर, केरा, मोथीको गुन्द्री बनाउने गरेको पाइन्छ। कसैं कसैंले त गुन्द्री, ढकी पनि रङ्गाई बढी आकर्षक बनाई बेच्ने गरेको देखिन्छ। यस शीपबाट उनीहरूले केही नगद आर्जन गर्ने गर्छन्। यसरी तयार पारिएका गुन्द्री, ढकी यिनीहरू हाट बजारको दिन नजीकै शहरमा ल्याई बिक्री गर्ने गर्छन्। तर हाल आएर कच्चा पदार्थको अभावमा यी कार्यहरू त्यति ठूलो मात्रामा गर्न सकेका छैनौं भन्ने गुनासो उनीहरूको छ। थोरै मात्रामा भए पनि काठको काम जस्तै–ओखली बनाउने समेत पाइएको छ।

धेरै बांतरहरूले कुखुरा पाल्ने गरेको पाइयो तर हाल भने रोगले कुखुरा पालनप्रति झुकाउ देखिएन। थोरै बांतरका घर दैलामा वस्तुभाउ देखिए तापनि यसबाट कसैंले पनि खास आर्थिक लाभ उठाउन सकेका रहेनछन्। यिनीहरू मध्ये धेरै थोरैका केटाकेटीहरू स्कूल जाने गरेको पाइए तापनि अधिकांशले उही लुगा र खानाको समस्याले गर्दा स्कूल जाने उमेरका केटाकेटी भए पनि पढाउन नसकेको देखियो। प्रविधि र शीपको अभावमा कल–कारखानामा काम पाउँदैनौं र गर्न सक्दैनौं भन्ने धारणा राख्दा रहेछन्।

यो जातिमा केही मात्रामा भए पनि जमीनको व्यवस्था भए रोजगार पाउनको साथै जीविकोपार्जनमा टेवा पुग्ने थियो भन्ने धारणा छ। यो जातिमा सुंगुर पालनप्रति विशेष चाख छ। खास गरेर यिनीहरूमा रहेको मौजुदा शीप र कच्चा पदार्थ उपलब्ध गराई बजारको समेत उचित व्यवस्था मिलाइदिन सके रोजगारी मिल्नुका साथै यिनीहरूको आर्थिक अवस्थामा ठूलो टेवा मिल्न जाने देखिन्छ। मादक पदार्थको लत यो जातिमा देखिएको छ।

## धिमाल जातिको अवस्था

नेपालको पूर्वी तराईमा धेरै अघिदेखि बसोबास गर्दै आएका यी धिमाल जातिहरू आजसम्म पनि आर्थिक अवस्थामा त्यति माथि आउन सकेका छैनन्। यिनीहरूको रूप · रङ्ग भने हिन्द–मङ्गोल प्रजातिका गुण जस्तै देखिन्छन्। अरू माथि उल्लेख गरिएका मुसहर, झांगड, सतार र बांतर जातिको तुलनामा भने यिनीहरूलाई अवश्य अलि राम्रो अवस्थामा पाइएको छ। यिनीहरूको घर पनि अरू माथिका जातिहरूको दाँजोमा राम्रो अवस्थामा

CamScanner

रहेको पाइयो । बहुसंख्यक पुरुषहरूले अबेल कमिज, पाइन्ट, हाफ पाइन्ट, दौरा–सुरुवाल आदि लगाउँछन् । स्त्री जातिहरूले भने छातीदेखि घुँडासम्म आउने, आफूले मुलाद्वारा घरमै आफ्नै तानाद्वारा बुनेको कपडा 'बोना' बेर्ने गर्छन् । बुढाअनुसार बोनाको नाम इटाङ्गी, सागुटी र बाबोना भनिन्छ । गहना लगाउन भने आर्थिक मद्धतले हो वा इच्छा नभएर हो उतिको चाख राखेको पाइएन । कसैं कसैले भने चाँदीका विभिन्न गहना घाँटीमा सिक्कामाला, काँचिमाला, सिकली र हार लगाएको भेटिन्छ ।

धिमालहरूको आफ्नै भाषा, आफ्नै प्रकारको परम्परा, मान्यता र विश्वास हुँदा हुँदै पनि अबेल आफूलाई हिन्दू धर्मावलम्बी नै भन्न बढी मन पराउने गर्छन् भने अर्कोतिर चाहिं मूर्ति पूजा भने नगर्ने गरेको पाइयो । मुख्यतया यिनीहरू दुइ किसिमका देवताहरू पूजा गर्छन्–कुल देवता र ग्राम देवता । यिनीहरूको छोराको उमेर पुगेपछि आफ्नो इच्छाले आफ्नो हाडनाता नपर्ने केटी रोजी बिहाबारी गर्न सक्छन् । यस्तो अवस्थामा सामाजिक र आर्थिक मान्यतालाई खास प्रोत्साहन दिईदैन । यो जातिमा चार किसिमको बिबाह प्रचलित पाइयो– सुपारी बिवाह, जबरजस्ती बिबाह, चोरी बिबाह र मागी बिबाह ।

धिमाल कृषकहरूमा प्रायः सबैको मोहीयानीहक कायम रहेको पाइएको छ । थोरै मात्रामा भए पनि कसैको आफ्नो निजी जग्गा पनि रहेछ । यिनीहरू भने दुःखजिलो गरी वर्षभरि दुइ छाक खान पुन्याउँछन् । अरू जातिका तुलनामा धिमाल केटाकेटी स्कूल जाने गरेको पाइएको छ । तर ५ कक्षामन्दा माथि पुगेपछि पढाइ खर्च पुन्याउन नसको यिनीहरूका केटाकेटीले पढ्न छाड्ने गर्छन् तापनि मोरङ्ग जिल्लाको बेलबारी पञ्चायतमा स्थित माध्यमिक विद्यालयहरूमा १–२ सिट यिनीहरूलाई निःशुल्क रूपमा व्यवस्था गरेको पाइयो । तर यो ज्यादै अपर्याप्त भएकाले यस्ता सिट संख्याहरू सबै निम्न र माध्यमिक विद्यालयहरूमा क्रमशः बढाइदिएमा राम्रो हुने थियो भन्ने कुरा उक्त पञ्चायतका धिमालहरूले बताए ।

यिनीहरू प्रायः जसो घर दैलोमा केही न केही मालताल, गाई, गोरु, बाखा, बाखी, कुखुरा, सुंगुर पाइएका छन् । सुंगुर भने सबैले पाल्ने गरेका छन् । हाल कुखुरामा रोग लागेबाट अब कुखुरा पालनमा चाख नभएको पाइयो । भैंसी भने कसैका घर दैलामा देखिएन । एक प्रश्नको उत्तरमा एक कृषकले भैंसी पाल्न झन्झट हुन्छ भन्ने धारणा रहेको कुरा बताए । सुंगुर पाल्न भने बढी इच्छुक रहेको पाइएको छ ।

यो जातिको घरैपिच्छे लुगा बुन्ने तान पाइएको छ । पेटानी, ओढ्ने, तन्ना, बोना अधिकांश मात्रामा बनाउने गरेको पाइएको छ । आइमाई जाति प्रायः यो काम गर्न जान्ने हुन्छन् । तर तान सानो भएकाले ओढ्ने, तन्ना, बोना आदिमा बीचमा गाँस राख्नुपर्ने चलन रहेछ । यिनीहरूको भनाइअनुसार बजारमा राम्रो उपयुक्त मोल पाउन ज्यादै कठिन परेकाले धेरै थोरै मात्रामा मात्र यसको बेचबिखन गर्न सफल भएका छन् । अधिकांश आफ्नै घर प्रयोगमा लगाइने कुरा बुझियो । झापा जिल्लाको बुधारु गा. पं. का धिमाल जातिहरू सनपाटको राम्रो फल्ला (ओछ्याउने) बनाउने गर्छन् । तर यिनीहरूको पनि मालको बिक्रीसम्बन्धी गुनासो पाइएको छ ।

धिमाल पुरुष जातिहरूमा मादक पदार्थ प्रशस्त मात्रामा सेवन गर्ने बानी पाइएको छ । मादक पदार्थसम्बन्धी एक प्रश्नको उत्तरमा एक धिमाल यसो भन्दछन्– "हजूर नपाउन्जेलसम्म ठिकै छ, भेट्टाएपछि त नलडुन्जेलसम्म चित्त बुझ्दैन ।" हुन पनि हाट बजारको दिन रक्सी खाएर त्यसै बाटामा पसारो परेको अध्ययनको अवधिमा बेलबारी हाटमा प्रशस्त पाइएको हो ।

यो जातिहरूमा पनि अधिकांशको बचत गर्ने बानी भने त्यति पाइएन । रोग बिराम जस्तो कुनै आपत विपत परेमा कसरी काम चलाउने गरेको छ भनी प्रश्न गरिएकोमा गाउँ घरमा साहु महाजनहरूसंग चक्रवृद्धि ब्याज दिई काम चलाउनु बाहेक अरू केही चारा नभएको कुराको जानकारी गराए ।

अलिकति पैसा भएमा क्षणिक मोजमज्जा गर्ने र नहुँदा पेट बाँधी बस्ने बाध्यता र बानी यी उक्त सबै जातिहरूमा पाइएको छ भने यो मनोवृत्ति सबैभन्दा बढी मुसहर र धिमाल जातिमै पाइएको छ ।

अन्त्यमा, यस लेखमा नेपालको पूर्वी तराई क्षेत्रमा युगौंदेखि बसोबास गरिआएका केही आदिवासीको सामान्य परिचय मात्र दिने प्रयास गरिएको छ । नेपालमा मानव तथा समाज शास्त्रको अध्ययनको भर्खरै थालनी भएको यस समयमा यी तथा अनेकौं लुकेर रहेका जनजाति र तिनको सामाजिक, सांस्कृतिक जीवनतिर बढी र शीघ्रातिशीघ्र ध्यान पुऱ्याई प्रकाशमा ल्याउनु अत्यावश्यक भइसकेको छ ।

CamScanner

Nepalese Culture
Vol. IV 1984 ( 2041 )

# विष्णुमतीको इन्द्रायणी मन्दिर : एक परिचय

पुण्य नकर्मी*

## प्रस्तावना

नेपालमा शाक्त धर्मको इतिहास धेरै पुरानो छ । शाक्त देवीहरूको सम्बन्धमा "वागाम्भृय" सूक्तमा स्वयं वाग्देवीले भनेकी छिन् "मैले नै एकादश रुद्र, वसु, चन्द्र, सूर्य, विश्वदेव आदि देवताहरूलाई धारण गर्दछु । म नै राष्ट्रको सर्वोच्च शक्ति छु । मेरो उपासना जसले गर्छ उसलाई चाहेअनुसार शक्ति प्रदान गर्छु; मैले नै स्वर्ग, अन्तरिक्ष तथा पृथ्वीको धारण गरेकी छु ।" यस्तै शाक्त सम्बन्धमा उल्लेख अरु वेदहरूमा पनि भएको पाउँदछौं । यसबाट वैदिक युगमा शक्तिको ठूलो मर्यादा र लोकप्रियता भएको बुझिन्छ । यस्तै वैदिक युगको 'Vac'; दुर्गा, अम्बा, पछिल्लो वैदिककालका; अपर्ना, शबरी, महाभारत युगका शाक्त देवीको रूपमा मान्न सकिन्छ ।

पूर्व ऐतिहासिक कालको यथार्थ चित्र हामीकहाँ उपलब्ध नभए पनि शक्तिको उपासना विश्व सभ्यताको इतिहासको लागि नौलो होइन । नेपालमा पनि इतिहासकालको उदय हुनासाथ यहाँ शक्ति उपासना अत्यन्त लोकप्रिय भएको देखिन्छ । पाँचौं शताब्दीको मूर्तिकलामा विशिष्ट स्थान राख्ने पलाञ्चोक भगवती र करीब यसै समयका नक्साल तथा शोभाभगवती यसका प्रमाण हुन् । नेपालमा इतिहासको प्रारम्भिक कालदेखि शैव धर्म सम्बन्धमा धेरै पुरातात्विक प्रमाण तथा उल्लेखहरू प्राप्त छन् । यसबाट शक्ति वा शाक्त धर्मको पनि प्रचार भएको स्वतः प्रमाणित हुन्छ किन भने शिव र शक्ति एक अर्काका पूरक हुन् ।

## परिचय

विजयेश्वरीको काखमा विष्णुमती नदीको पूर्वी किनारामा प्रसिद्ध शोभाभगवती सामुन्ने इन्द्रायणी देवीको तीन तले मन्दिर अवस्थित छ । नेपाली शैलीका अन्य मन्दिर सरह् काठ र ईटाको प्रयोगबाट बनिएको यो मन्दिर सानो भए पनि कलाकारिताको दृष्टिले निकै आकर्षक छ । दोस्रो, नेपालमा मातृकाहरूका अलग मन्दिरहरू कम छन् । यसैले पनि यसको महत्व बढी छ । यस बाहेक काठमाडौं उपत्यकामा इन्द्रायणीका अलग मन्दिर बंखु र इन्द्रायणी गाउँमा अवस्थित छन् । तिनमा यो विष्णुमती स्थित इन्द्रायणीको मन्दिर नै ठूलो र कलाकारिता पूर्ण पनि छ ।

---

* सहायक प्रा. ललितकला क्याम्पस ।

प्रस्तुत लेखमा यसको सामान्य परिचय दिने प्रयास गरिएको छ । तर पहिले इन्द्रायणी बारे संक्षेपमा चर्चा गरौं ।

## इन्द्रायणी

हिन्दू देवताहरूमा इन्द्रको विशिष्ट स्थान छ। इन्द्रलाई देवराज वा स्वर्गका मुख्य देवता मनिन्छ । बारम्बार दैत्यहरूसित सङ्घर्ष गरेर उनीहरूलाई पराजित गरी देवताहरूको सुरक्षा गर्नु इन्द्रको दायित्व हो । शक्ति सर्वत्र व्याप्त छिन् र शक्ति बिना परम महेश्वरले पनि केही गर्न सक्दैनन् र उनी निर्जीव हुन्छन् भन्ने धारणाबाट सबै मुख्य देवताहरूका आ-आफ्ना शक्तिको कल्पना गरिएको हो । यस अनुसार नै देवराज इन्द्रको शक्ति इन्द्रायणीको पनि कल्पना गरिएको हो । इन्द्रको झैं उनको पनि ऐरावत वाहन र हातमा वज्र हुन्छ । यस कुरालाई Sapra-mad bhedagama नामक ग्रन्थमा पनि उल्लेख गरेको छ । मार्कण्डेय पुराणमा उनको चित्रको यस प्रकार वर्णन गरेको छ– उनको स्वामीका झैं हजारौं नेत्र भएकी, ऐरावतमाथि चढेकी, हातमा वज्र लिएकी हुनुपर्छ भनी उल्लेख गरिएको छ । *अंशुमदभेदगममा* उनको चित्र यस प्रकार चित्रण गरेको छ– जस्तो राता त्रिनेत्र भएकी, शिरमा किरिट मुकुट लगाएकी र विभिन्न किसिमको गहनाले सुसज्जित भएकी हुनुपर्छ भनी लेखेका छन् । उनले चार हातमा शक्ति, वज्र, वरद, अभय र एक हातमा ऊण्डा लिएकी हुनुपर्छ । यसको अपेक्षा काठमाडौं विष्णुमती स्थित इन्द्रायणीको आठ हातहरू छन् । यसमा माथि बताए अनुसार विभिन्न आयुधहरू लिएकी छिन् ।

## इन्द्रायणी मन्दिर

विष्णुमती स्थित इन्द्रायणीको मन्दिर काठमाडौंको विभिन्न पीठहरूमध्ये एक महत्त्वपूर्ण पीठ हो । यस मन्दिर वा देवीको स्थापना कहिले भयो, यस सम्बन्धमा कुनै ठोस प्रमाण प्राप्त भएको छैन । यस मन्दिरको विषयमा ठ्यासफु र त्यहाँका पुरोहितहरूको भनाइअनुसार परापूर्वकालमा यस राज्यमा धनदेव वा धर्मदेव नाम गरेका एक राजा राज्य गर्दथे । यसै बेला यहाँ ठूलो अनिकाल र अनावृष्टि भएको थियो । राजाचाहिं आफ्नो स्वार्थ मात्र हेर्दथे । यस्तो किसिमको अनिकाल इन्द्रले पनि हेरिरहन सकेनन्, यसउसले इन्द्रको आज्ञा पाई इन्द्रायणी मर्त्यमण्डल आइन् । त्यतिबेला उनी ब्राह्मणीका रूपमा थिइन् । यसपछि उनले सबै जातका घरमा बास मागिन् तर कसैले पनि दिन तयार भएन । यसपछि एक पोडेका घरमा गई बास माग्दा उसले दियो । त्यस दिनदेखि इन्द्रायणी पोडेको घरमा बसिन् । यसैले आजसम्म पनि इन्द्रायणीका 'द्यो पाला' पोडे नै छ र विशेष यी देवीलाई तल्लो जातले मान्ने गर्दछन् । त्यस दिनदेखि इन्द्रायणीले सधैं विष्णुमतीको भचाखुशी भन्ने स्थानमा नित्य स्नान गरी इन्द्रलाई जल चढाई नित्य धर्म गर्न लागिन् र अरूलाई पनि धर्म उपदेश गर्न लागिन् । एवं रितले तिनको साथी संगिनीहरूको संख्या पनि बढ्दै गयो । केही कालपछि पानी पऱ्यो र सहकाल आयो । अब इन्द्रायणीले आफ्ना साथीहरूसँग बिदा मागी फेरी स्वर्ग जानुपऱ्यो भनी विचार गरी सबै साथीहरूलाई भेटी भन्न लागिन्– "साथी हो तिमीहरूलाई के चाहिन्छ माग म वरदान दिन्छु ।" सबैले एक एक वर मागे, सबैलाई तथास्तु भनिदिइन् तर एक जनाले देवी स्वयं मागे, उनले झोक्किएर तथास्तु भनिदिइन् र सबै साथीहरूले उनलाई बीचमा राखी "चाकली पा पा" खेल खेल्न

थाले । यसपछि देवीले आफूलाई साथीहरूले चिनेको थाल पाई त्यहीं नजीकको एउटा रूखमा अन्तरध्यान भइन् । यस दिनदेखि ती मान्छेहरूले त्यही रूखमा पूजा गर्न लागे । पछि उही राजाले यस मन्दिर स्थापना गरे भनी लेखेको छ । तर हाम्रो इतिहासमा धर्मदेव वा धनदेव नाम गरेको मल्ल राजाको उल्लेख पाईंदैन । यही मन्दिरको गुठी चलाउने ठकूहरूले भने यस मन्दिरको स्थापना रत्नेश्वर मल्लले गरेको भन्छन् । यो कुरा केही विश्वसनीय छ किनभने यस मन्दिरको कलाकारिता मल्लकालको जस्तो देखिन्छ र रत्नेश्वर मल्लबाहिं रत्न मल्ल हुन सक्छन् । देवमालामा त्यस मन्दिरको स्थापना एक दिन राजाले स्वप्नमा महालक्ष्मीको आज्ञा पाई गरेको, यसमा तामाको छाना भएको र वि. सं. १९९० सालको भुकम्पले पनि केही नभएको भनी लेखेको छ । यिनलाई विशेष गरेर क्षेत्रपाटी, धोबीचौर, ल्यौह, थहिटी आदिका बासिन्दाले मान्ने गर्दछन् । यो देवीलाई कसैले महालक्ष्मी, कसैले इन्द्रायणी र कसैले मनकामनाको रूपमा पनि पूज्ने गर्दछन् ।

## मन्दिरको वर्णन

विष्णुमती स्थित इन्द्रायणीको यो मन्दिर उत्तरतिर फर्केको छ । मन्दिरभित्र पस्नको लागि दुइ ढोकालाई पार गर्नुपर्दछ । ढोका पनि उत्तरतिर फर्केका छन् । इन्द्रायणीको प्रस्तर मूर्ति भुईं तलामा नै अवस्थित छ । देवीको मूर्तिसम्म जान दुइ खुड्किलो भुईंबाट तल ओलिनुपर्दछ । देवस्थलमा इन्द्रायणीका दुइ मूर्तिहरू रहेका छन् । मूल चलोमा अवस्थित रहेको देवीको मूर्ति कालो ढुङ्गामा बनेको छ । यो मूर्ति नयाँ तर मुख खिएको देखिन्छ । यो देवीको बायाँपट्टि अर्को मूर्ति छ । त्यो हेर्दा मल्लाकीन जस्तो देखिन्छ । यसको साथैं देवीका गण देवदेवताहरू छन् । यसको बीचमा नवग्रह मण्डप छ ।

मूल (पूजा गर्ने ठाउँको) मूर्ति करीब डेढ फुट जति अग्लो छ । दक्षिणको भित्तामा सानो मन्दिरको अर्धआकार बनाई त्यसमा यो मूर्ति राखेको छ । यसको छाना प्यागोडा शैलीको छ । यसमा तीन गजुरहरू रहेका छन् । यसमा पनि छत्रावली ( Parasol ) र नाग छ । यस मूर्तिको आसन सबभन्दा तल कमलको फूल छ । यस माथि सिंगारिएको हात्तीको मूर्ति छ । यसमाथि देवी उभिएकी छन् । देवीले जामा लगाएकी छिन् । उनका आठ हातहरू छन् । दायाँपट्टिको माथिल्लो हातदेखि क्रमशः खड्ग, बज्र र बरद मुद्रा छन् । यस्तै बायाँको माथिदेखि क्रमशः ढाल, घण्टी. छत्र लिएकी र दुइ दायाँ र बायाँ हातले पात्र लिएकी छिन् । शिरमा मुकुट छ । मुखाकृति त्यति राम्रो छैन ।

अर्को इन्द्रायणीको मूर्ति दक्षिणपट्टिको भित्तामा नै छ तर यो देवी मूल देवता राखेको ठाउँको बायाँपट्टि छ । इन्द्रायणीको कमल आसनमाथि हात्ती छ र हात्तीमाथि इन्द्रायणी ध्यान आसनमा बसेकी छिन् । त्यस मूर्तिमा चार हातहरू छन् । माथिल्लो दायाँ हातले बज्र लिएकी र बायाँ हातले छत्र लिएकी त्यस्तै दायाँ र बायाँ हातले पात्र लिएकी छिन् । त्यसमा Parasol, बुट्टेदार जामा, गलामा हार, कानमा एरिङ्ग छ र शिरमा मुकुट छ । इन्द्रायणीका त्रिनेत्र देखिन्छन् । यसमाथि सिंह आकारको गरुड छ ।

इन्द्रायणीका दायाँ बायाँ मकरहरू र तलतिर दायाँ बायाँ गणहरू रहेका छन् । देवीका माथि दुइ चदुवाहरू छन् । त्यसमध्ये एउटा काठको र अर्को धातुको बनेका छन् । काठको चँदुवामा नवदुर्गा कुंदेको छ र धातुको चँदुवामा स्वयं इन्द्रायणीको मूर्ति कुंदेको छ ।

CamScanner

## मन्दिरको वास्तुकला

अन्य नेपाली मन्दिरहरू जस्तै इन्द्रायणीको यो मन्दिर पनि काठ र ईंटाहरूले नेपाली शैलीमा बनेको छ। यो मन्दिर तीन तले छ। पहिलो दोस्रो तलाको छाना झिंगटीको छ र अन्तिम तलाको छाना धातुको बनेको छ। यस माथि छत्रसहितको गजुर रहेको छ।

मन्दिरको बनोटलाई हेर्दा अरू मन्दिरको बनोटभन्दा केही फरक देखिन्छ। यसको प्रवेशद्वार उत्तरतिर फर्केको छ। देवीका दर्शनका लागि दुइ खुट्किला जति जमीन सतहबाट तल जानुपर्दछ। यसको पेटिका ( Plinth ) दुइ खण्ड जस्तो देखिन्छ। दोस्रो Plinth चाहिं बरण्डा जस्तो देखिन्छ। यसमा खम्बाहरू गाडिएको छ। जमीनको Plinth प्रदक्षिणा पथको रूपमा प्रयोग गर्न सकिने खालको छ। मन्दिर चतुष्कोणाकार छ।

## प्रवेश द्वार

मुख्य पूजास्थल (Sanctum) पस्न दुइ द्वारहरू बनाइएको छ। यो दुइ द्वार विभिन्न कालमा बनाइएको जस्तो देखिन्छ। पहिलो द्वार धातुको बनेको छ र यो खुल्ला रहन्छ। यो मन्दिर सिंगार्न बनाइएको जस्तो देखिन्छ। ढोका बुट्टेदार बनाइएको छ। दोस्रो प्रवेश द्वार सम्पूर्ण रूपमा काठको छ। यसमा बन्द गर्नका लागि खापा पनि राखेको छ। यसलाई मुख्य द्वारको रूप दिइएको छ। यस बाहेक मन्दिरको पूर्व दक्षिण र पश्चिममा खुल्ला झ्यालको आकार दिइएको छ।

## तोरण

पहिलो ढोका सम्पूर्ण धातुको छ र यसको तोरण पनि धातुकै छ। तोरणको मध्य वा केन्द्र भागमा मन्दिर भित्रको जस्तै इन्द्रायणीको स्पष्ट मूर्ति छ। यस तोरणको दायाँ र माथितिर अरू अष्टमातृकाहरू जस्तो महेश्वरी, कौमारी, वैष्णवी, चामुण्डा आदि आदि छन्। दायाँ बायाँ कुनामा अष्टमातृका वा नवदुर्गाहरूका साथमा सधैं रहने गणेश र भैरव छन्। सबभन्दा माथिको भागमा सर्प पक्रिरहेका गरुड र यसभन्दा माथिको भागमा छत्रावली छ जुन हामीले विभिन्न अरू मन्दिरहरूमा पनि पाउँछौं। यसमा रहेको तोरण उग्रचण्डेश्वरी र नवदुर्गाको तोरणभन्दा अति आकर्षक देखिन्छ।

जस्तो माथि भनियो दोस्रो प्रवेश द्वार सम्पूर्ण रूपमा काठको बनेको छ र यसको तोरण पनि काठकै छ। तोरणको बीच भागमा इन्द्रायणीका मूर्ति र यसको दायाँ बायाँ दुइओटा मातृकाको मूर्ति कुँदिएको छ।

मन्दिरलाई थाम्न सबैतिर काठका खम्बाहरू प्रयोगमा ल्याइएको छ। यी खम्बाहरूको माथिल्लो भाग आंशिक रूपमा कुँदिएको छ। यसदेखि माथिल्लो भागमा वरिपरि एकनास सामान्य रूपमा कुँदिएको छ। मन्दिरको पहिलो तलाबाट बाहिर निस्केका दलिन वा 'दलिङ्ग ख्वा'हरूलाई चामुण्डाको अनुहार जस्तो देखिने आकारमा कुँदिएको छ। सम्पूर्ण रूपमा मन्दिरको काष्ठकला उल्लेखनीय मान्न सकिन्छ। विभिन्न तलाको छानालाई थामेर रहेका टुँडालहरू आकर्षक छन्। पहिलो तलामा यस्ता सोह्रओटा टुँडालहरू मन्दिरको चार मोहडामा छन्। चारओटामा शार्दूल

भएका टुंडालहरू मन्दिरको प्रत्येक चार कुनामा रहेका छन् । सबै टुंडालहरूमा सालभञ्जिका कथाको प्रभाव अन्यत्रझैं यहाँ पनि छ । यी टुंडालहरू मातृका वा नवदुर्गाका विभिन्न रूपहरू कुँदिएका छन् । तीनओटै तलाका टुंडालहरूमा पिनै देवीहरू मात्र देखिन्छन् । टुंडालको माथिल्लो भागमा देखिने रूख वा लहराहरूमा यहाँ देखिने विशेषता आकार र बुट्टाको विविधता नै हो । टुंडालको तल्लो खण्डमा प्रायशः सबै टुंडालहरूमा Erotic दृश्यहरू कुँदिएको छ । ती मध्ये सबभन्दा तल्लो तहको टुंडालको तल्लो भागमा एउटा मात्र मूर्ति कुँदिएको छ जुन माथिका Erotic दृश्य जस्तो छैन । तल्लो तलाको टुंडालहरू बीच छानामनि वरिपरी काठका ग्रिल बनाइएको छ । यो पाटनको कुम्भेश्वर मन्दिरको नमूनामा बनाएको जस्तो लाग्छ । माथिल्लो तलामा यस्तो व्यवस्था छैन । तीनओटै तलाको चारैतिर झ्यालहरू राखेको र तिनीहरूमा सामान्य कलात्मकता छ । टुंडाल मनिको भागमा पहिलो तलामा झैं दोस्रो र तेस्रो तलामा पनि Entabulature लाई कुँदेर आकर्षक बनाइएको छ ।

सबभन्दा माथिल्लो तलाको छाना धातुको छ । छानाको चार कुनामा धातुको उड्न लागेको चरा रहेका छन् । यसको गजुरमा सर्वप्रथम घण्टी, त्यसपछि कमालासनमाथि कलश र सबभन्दा माथि छत्रावली हुनाले सम्पूर्ण गजुर सात आठ फीट अग्लो देखिन्छ । बीचको तला वरिपरि वा तल्लो तलामा चार कुनामा धातुका साना साना घण्टीहरू झुण्ड्याइएको छ ।

अब यस छोटो लेखलाई टुङ्ग्याउनु अघि मन्दिरको पूर्वपट्टिको तोरणको उल्लेख गरौं ।

मन्दिरलाई राम्रो र आकर्षक तुल्याउनमा तोरणको महत्त्वपूर्ण भूमिका छ । मन्दिरको पूर्वतिर रहेको यो काठको तोरण उत्तरतिरको प्रवेश द्वार माथिको धातुको तोरणको आकार र नमूनामा नै बनाइएको भए पनि यो तोरण पुरानो छ र आकर्षक देखिन्छ ।

यो मन्दिर खुल्ला आँगनको बीचमा अवस्थित छ । यहाँ वर्षमा विभिन्न अवसरमा मेला लाग्दछ । बालाचतुर्दशीमा यहाँ बालिने आगोको खरानी घरको रक्षार्थ लैजाने, आँगनमा अवस्थित वृक्षलाई रोग हटाउन धागो चढाउने पनि चलन छ । संक्षेपमा शक्तिको उपासनामा आस्था राख्ने हिन्दू–बौद्ध दुवै सम्प्रदायका अनुयायीहरूलाई इन्द्रायणीको यो मन्दिर प्राचीनकालदेखि नै एक महत्त्वपूर्ण स्थल रहिआएको छ ।

Nepalese Culture
Vol. IV 1984 ( 2041 )

# Three Medieval Inscriptions from Kathmandu

**Sukra Sagar Shrestha***

Three inscriptions discovered from different places are presented herewith. The first inscription [1] is from Imanani Ason Tole and was put on the entrance to the Chowk of Imanani and was quite vulnerable to destruction as it was lying on the path covering a small drainage. The size of the inscription is small and the script used there is medieval. The inscription was taken out from there and deposited in the collection of Department of Archaeology.[2]

The text of the Imanani Inscription-

श्रेयोस्तु सम्वत् ··· (आ) साढ शुधि १३ दा
न पति कोतल खगो भरोस ।। राजा
धिराज परमेश्वरस्य ।। श्री श्री आणं
द शोहृ देवस्य ।। विजय राजे शुभ ।।

The second inscription is from the courtyard of Baghbhairav temple complex in Kirtipur. It was established by a family of Bharos after offering a very nice wooden Toran and some pinacles to the Baghbhairav. The Torana, if washed in scientific procedure, will prove a masterpiece of the Malla wooden craft. The Torana contains the main figure of Bhairav at the middle and Astamatrikas and their consorts around. Eqally magnificent are the figures of the Dragons added to the Torana. The artistic value of the Torana could well be compared with the execution of the famous Chhusyavahal

---

* M. A. final student, NeHCA Instruction Committee, Kirtipur, T. U.

CamScanner

wooden Torana of Kathmandu. Only difference is in subject matter. This Torana is 11 years older than the one of Chhusyavahal, the later being of NS 793. It is kept above the shrine of Hiphadya, where the animals are sacrificed. But the inscription is thrown in the courtyard and not installed properly. The size of the inscribed portion is 20×24 cms. and tiny fiigure of Bhairav is also carved on top of the inscription. The inscription was lying inside the Bhavani Shankar temple within the courtyard when the rubbing of it was taken.

Ashtamatrika and Ashtabhairav Torana Inscription–

१. ॐ नमो ।। श्रीव्याघ्रेश्वराय ।। श्रेयोस्तु सम्वत ७८२
२. फाल्गुणकृष्ण ।। चतुर्दश्यां तिथौ शतभिषनक्षत्र
३. सिद्धिजोगे, बृहस्पतिवासरे श्वकुन्हु गुंदेया गं
४. गाराम भारो प्रमूख नं हाकुदेब भारो, विष्णु रा
५. म भारो, नरसिंह भारो (हरि) राम भारो . . . सि भा
६. रो रामचन्द्र भारो दे . . . भारो (भुला) राम भारो
७. विष्णु भारो, शिवराम भारो, काशिराम भारो, शिव
८. कृष्ण भारो श्वते समूह नं श्री श्री श्री व्याघ्रेश्वर देव
९. स्के मासंपति चतुफल (ध्वजा) दयकं विथिगनस श्री
१०. श्री श्री भंलबस्के काष्ठन तोरणस अष्टभंलव अष्ट
११. मातृका दयकं . . . . . . जज याङ
१२. न सम्पूर्णाहुति याङा जुरो ।। शुभ मंगलो ।।
१३. पुनः . . . . . . . राम भारो
१४. प्रमुख नरसिंह भारो तुलाराम भारो (राके सप)
१५. भारो, (स्याम) देव भारो, जग . . . भारो, हाकुदेव भारो
१६. शिवकृष्ण भारो . . . नाथ भारो श्वगु समु (ह) यत
१७. श्री श्री श्री व्याघ्रेश्वर देवस्के गजुरिया जवखवस
१८. सुवर्ण ध्वज (न) पु दोहोरपा जुरो ।। शुभमस्तु ।।

The third inscription is a copper plate Tamasuk (a bond) explaining the selling of a piece of land by Yog Prakash Malla, the king of Patan to a certain

CS CamScanner

Kayastha Ananda Ram Das[3]. Vishnu Malla is shown here as a witness of the process of selling of land. The area of the land was 20 Ropanis and was sold for 680 Rupees in NS 846 Pousha. The size of the copper plate is $7\frac{1}{2} \times 19\frac{1}{2}$ cms. The Royal Nishana is stamped on top of left corner.

The Text-

१. स्वस्ति ।। श्री माणिग्लाधिपति महाराजाधिराज श्री श्रीं जययोगप्रकाश मल्लदेव

२. प्रभु थाकुलसन महापारवाशित कायष्ठ अनन्तराम दास नाम्ने प्रशादिकृतं

३. ।। त्रिस्थानामप्रदेशे ।। नदो शिमायां पश्चिमत श्रीराजभुम्या उत्तंरत पुब्वंत श्री

४. दामोदर उपाध्यायां दक्षिणत, एतत्क्षेत्र वीशराव पनिकं रोवनीय २० एत

५. त्क्षेत्र यथा नगर कार सूवर्णपूष्य माराधं प्रढौकृत मोहर टंका खुश्लचय

६. ६८० आदायश्वाधिनावतं कंन्यायन क्री विक्रीन प्रशादारपा जुरो, दृष्टसा

७. क्षि श्री विष्णु मल्ल थाकूलस सम्वत ८४६ पौषकृष्ण नवम्यां तित्थौ श्री श्री सतव

८. क चिलावया प्रसात्र वियाजुरो ।। लिखितं सिद्धिसिह ।। शुभं ।। ० ।। शुभं–

**Foot—notes**

1. The information of the inscription was given by Miss Chiranjivi Prabha, student of 2nd Year in the Department of Nepalese History, Culture and Archaeology of Tribhuvan University (Kirtipur Campus) and was deciphered by Shankar Man Rajvamshi. Therefore special thanks go to both of them.
2. After the information had been received by us, our group (Mukunda Raj Aryal, Govind Tandon and the author) went there on 22nd day of Jestha 2040 B.S. and took rubbing copies and later the inscription was handed over to the Department of Archaeolgy, HMG. It is at present in collection of the said Department.
3. The inscription is reproduced here with the kind permission of Mr. Gopal Amatya, Ex-Pradhan Pancha of Bagh Bhairav Panchayat of Kirtipur. The inscription is in possession of him. The author is grateful to him for the permisson and therefore special thank goes to him.

CamScanner